" स्वास्थ्य, शिक्षा, उत्पादन र आपूर्तिः रोजगारी,जिविका, पूर्वाधार र संवृद्धि"

शुभकालिका गाउँपालिका

आठौं गाउँ सभामा प्रस्तुत आगामी आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट,नीति तथा कार्यक्रम

श्रद्धेय सभा अध्यक्ष ज्यू,

कर्णाली प्रदेशका प्रथम मुख्यमन्त्री तथा प्रमुख अतिथि ज्यू,

विशेष अतिथि तथा अन्य अतिथि ज्यूहरु

गाउँसभा सदस्य ज्यूहरु ।

नेपालको संविधान २०७२, संघिय एवं प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई मध्यनजर गर्दै, स्थानीय सरकारले आफ्नो बजेट नीति तथा कार्यक्रम मार्फत विकासको मार्गचित्र निर्माण गर्ने उद्देश्यले आगामी आर्थिक वर्ष २०७९/२०८० को वार्षिक बजेट, नीति तथा कार्यक्रम यस गरिमामय आठौं गाउँ सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु । सर्वप्रथम स्थानीय तह सदस्य निर्वाचन, २०७९ बाट निर्वाचित भई कार्यभार सम्हाल्नु भएका नवनिर्वाचित प्रतिनिधि ज्यूहरुले हाम्रो निमन्त्रणा लाई स्वीकार गरी यस गाउँ सभामा नयाँ सोच, उमंग, हौसलाका साथ उपस्थित भएकोमा सभा सदस्य ज्यूहरुलाई शुभकालिका गाउँ कार्यपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

स्थनीय तह सदस्य निर्वाचन, २०७९ पछि प्रथम पटक शुभकालिका गाउँपालिका स्थानीय सरकारको आ.व. २०७९/२०८० को वार्षिक बजेट नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म नेपालको संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागी नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन जनयुद्ध लगायत प्रदेश स्थापनाको आन्दोलनमा ज्यान गुमाउनु हुने शहिदहरु, बेपत्ता पारिएका व्यक्ती तथा घाइते योद्धाहरुलाई उच्च सम्मान प्रकट गर्दछु ।

बहुदलीय प्रतिस्पर्धात्मक संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात प्रथम पटक स्थानीय तह सदस्य निर्वाचन २०७४ मा निर्वाचित भई पाँच वर्ष कार्यकाल व्यतित गरी सकेका गाउँ सभा अध्यक्ष/उपाध्यक्ष, सदस्य ज्यूहरुको राय, सल्लाह, सुझाव कार्यानुभको अपेक्षा गर्दछु साथै उहाँहरुको राजनितीक जिवन अझ सफल रहोस भन्ने कामना गर्दछु ।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा पेशागत मर्यादा, अनुशासन, आचरणमा रहि कर्तव्य निर्वाह गर्ने विभिन्न दलिय प्रतिनीधि, स्वास्थ्य कर्मी,सुरक्षाकर्मी, कर्मचारी,स्वयमसेवक, सवारी चालक, व्यापारी लगायत हरेक क्षेत्रका दाजु भाई दिदि बहिनीहरु प्रति आभार व्यक्त गर्न चाहान्छु ।

सभा अध्यक्ष महोदय,

नेपालको दुर्गम कर्णाली प्रदेश कालिकोट जिल्ला शुभकालिका गाउँपालिका सदरमुकाम मान्मबाट आठ कोष दक्षिणमा अवस्थित छ । साथै ९७.३२ वर्ग किलोमिटर क्षेत्रफल रहेको यो पालिका एका तर्फ आर्थिक,सामाजिक,मनवीय स्रोत, सडक, विद्युत, स्वास्थ्य, शिक्षाको हिसाबले पछाडी परेको गाउँ पालिका हो । भने अर्को तर्फ यहाँको भौगोलिक विविधता, साँस्कृतिक सम्पदाले भरिपूर्ण छ । यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार २३११ घरधुरी, कुल जनसंख्या १३९०० रहेको छ । यो पालिका कर्णाली राजमार्ग संग आंक्किकरुफमा जोडिएको भएता पनि यस पालिकाको केन्द्र सम्म सडक संजाल जोड्न नसकिएको कारण स्थानीय स्तरमा उत्पादित सामाग्रीहरु जस्तो कृषी उपज, काष्ठकला सामाग्रीहरु, बस्तुको बजारीकरण हुन सकिरहेको छैन । यस गाउँपालिमा जल,जंगल,खनिज, जडिबुटी,बन्यजन्तु,पशुपालन,अन्नवाली,फलफुल, तरकारी बाली

ठुलो आर्थिक श्रोत हो । यी कुराहरुको संरक्षण र उपयोग एवं विस्तार गर्न सकेमा मात्र यहाँको आर्थिक विकास हुन सक्ने संभावना छ । यहाँका धार्मिक सम्पदाको संरक्षण गरी आन्तरिक एवं बाह्य पर्यटन व्यवशायको विकास गर्न सकिने संभावना देखिन्छ ।आर्थिक,सामाजिक, भौतिक पूर्वाधारको विकास मानव पुँजिको विकास नगरी यहाँ सर्वाङ्गिण विकासको संभावना देखिदैन ।त्यसैले सामाजिक परिचालन, मानव विकासमा पनि जोड दिनु पर्छ ।यस गाउँपालिकमा ४४ वटा बालविकास केन्द्र, २० वटा आधारभूत विद्यालय, ७ वटा माध्यामिक विद्यालय संचालनमा छन ।

शुभकालिका गाउँपालिकाको दुरदृष्टि- "स्वास्थ्य,शिक्षा,उत्पादन र आपूर्तिः रोजगारी,जिविका,पूर्वाधार र समृद्धि") लाई साकार बनाउन गाउँपालिकाले स्थानीय तह सदस्य निर्वाचन२०७९ पश्चातको प्रथम एवं संघीयता पछिको आठौ पटक नीति तथा कार्यक्रम तय गरेको छ । यस गाउँपालिकाले आर्थिक,शैक्षिक, सामाजिक रुपान्तरण मार्फत समृद्धि हासिल गर्ने संकल्प गरेको छ ।उक्त संकल्पको कार्यान्वयन गर्न स्थानीय श्रोत साधनको उचित उपयोग, पूर्वाधारको गुणस्तर युक्त विकास, योजना तथा कार्यक्रमको चक्रिय प्रभावकारी अनुगमन, सुशासन, सदाचारिता, शून्य सहनसिलता,सार्वजनिक उत्तरदायित्व वृद्धिका औजारको अवलम्वन गर्न जरुरी छ ।सरकारले नीति बनाउनु भनेको नै बजेटलाई सहि मार्ग निर्देश गर्नु हो ।त्यसैले यस गाउँपालिकामा विभिन्न विषय क्षेत्रमा केही ज्ञान प्राप्त भएका स्थानीय सरोकारवालाहरु संगको सुझावलाई समेत मध्यनजर गरि उल्लेखित परिकल्पनालाई सान्दर्भिक बनाउन शुभकालिका गाउँपालिकाले अबलम्वन गरेका नीति तथा कार्यक्रम प्रस्तुत गर्न सभा अध्यक्ष समक्ष अनुमती चाहान्छु ।

## कृषि विकास सम्वन्धी निति

१. गाउँपालिकामा आयात प्रतिस्थापन र निर्यात प्रर्वद्वन गर्न उपयुक्त स्थानको पहिचान गरी कृषिको व्यवसायीकरण कसरी गर्न सकिन्छ सोको अध्ययनको लागी एक कृषि शाखा प्रमुख कर्मचारीको संयोजकत्वमा ३ सदस्यीय पालिका स्तरीय कृषि शोध तथा अन्वेषण समिति गठन गरी सोले पेश गरेका संभाब्यकुक्त राय सुझाव एवं प्रतिवेदन कार्यान्वयन गरिने छ ।
२. शुभकालिका गाउँपालिकालाई ओखर जोन कार्यक्रम संचालन गर्न विभिन्न निकायमा पहल गरिनेछ ।
३. सबै वडाहरुमा माटो परिक्षण गरी उपयुक्त बिउ मल सिफारिस गर्ने र स्थानीय स्तरमा सम्भावनाका आधारमा एक वडा एक उत्पादन पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।
४. कृषक पाठाशाला संचालन गरी कृषकको क्षमता अभिवृद्धि गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ ।
५. रैथाने बालीको संरक्षण गर्ने कार्यक्रम संचालन गरिनेछ ।
६. कृषि उत्पादन बढाउने वडाहरुमा सहकारी क्षेत्रसँग साझेदारी गरी कृषि उपज संकलन केन्द्र संचालन गरिनेछ ।
७. भुमिको वर्गिकरण गरी सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षण र उपयोग गर्ने भु उपयोग नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

## पशु सेवा सम्वन्धी नीति :

१. युवा उद्यमी प्रोत्सहान कार्यक्रम अन्तरगत गाउँपालिका भित्र ५ वटा भैसी पालन गर्ने र ५० भन्दा माथी भेडा,बाखा पालन गर्ने कृषकलाई वार्षिक जनही रु. १५००० प्रोत्सहान प्रदान गरिनेछ ।

२. कृषकहरुलाई पशुपालन सम्वन्धी सिप विकास कार्यक्रम संचालन गरिनेछ ।
३. व्यवसायिक रुपमा कुखुरा पालनको लागी आवश्यक चल्लाको आपुर्ति र व्यवस्थापनका लागी ह्याचरी उद्योग संचालन गरिनेछ ।
४. विरामी पशु उपाचारका लागी विरामी पुर्जा काट्दा लाग्ने राजश्व छुट गरि समुह समिति दर्ताका लागी अन्य सिफारिस को राजश्व दर यथावत राखिनेछ ।

## सहकारी सम्वन्धी नीति :

१. गाउँपालिकामा दर्ता भएका सहकारी संस्थाहरुको प्रर्वद्धन तथा व्यवस्थापन गरी हरेक सहकारी संस्थाहरुलाई राज्यको तीनखम्बे अर्थनीति बमोजिम संचालन गर्न जोड गरिनेछ ।
२. कृषि उत्पादन ,भण्डारण तथा प्रशोधन ,आर्थिक बचत तथा ऋण परिचालन ,स्थानिय श्रोतको परिचालन एवम् गरिबी निवारण सम्बन्धी कार्यक्रममा सहकारीलाई प्रोत्साहीत गरिनेछ ।
३. समूह ,सहकारी संस्थाहरुलाई उद्यमशिलाता विकास,कृषिको व्यवसायिकरण लगायतका रोजगारी सृजनामा परिचालन गर्न जोड दिइनेछ / सहकारी क्षेत्रको नेतृत्वमा कृषि उत्पादन प्रशोधन तथा बजारीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
४. गाउँपालिकाभित्र रहेका सहकारीको मूल्यांकनका आधारमा उत्कृष्ट कार्य गर्ने सहकारी संस्थालई सम्मान तथा पुरस्कार भौतिक पूर्वाधारको को व्यवस्था को लागि सरोकार निकाय संग माग गरिनेछ ।

## उद्यम श्रम तथा रोजगार सम्बन्धी नीति

१. लघु उद्यम विकास कार्यक्रम मार्फत सिपमुलक तालिम सञ्चालन एवम् प्रविधि हस्तान्तरण गरी रोजगार सृजना गर्न आवश्यक पहल गरिनेछ ।
२. स्थानिय श्रम सिप र प्रविधिबाट सञ्चालित घरेलु तथा साना उद्योगको संरक्षणको व्यवस्था मिलाईनेछ ।
३. स्थानिय कृषिजन्य उत्पादन ,तरकारी तथा फलफुल एवम् माछा मासुको प्रशोधन सम्बन्धी उद्योगलाई प्रोत्साहन गरिनेछ ।
४. गाउँपालिकामा सिपमुलक तालिम संचालन तथा उद्धम स्थापनाका लागी आवश्यक पहल तथा गरिवि निवारणका लागी लघुउधम विकास कार्यक्रमलाइ प्रभावकारी रुपमा संचालन गरिने छ ।

## युवा तथा खेलकुद सम्बन्धी नीति

१. गाउँपालिका खेलकुद विकास समिति गठन गरी खेलकुद विकासको रणनीति तयार गरिनेछ ।
२. प्रदेश र केन्द्र सरकारसँग समन्वय गरी एक सुविधायुक्त पालिकास्तरीय रंगशाला र प्रत्येक वडामा खेल मैदान निर्माण गरिनेछ ।
३. सामुदायिक सिकाई केन्द्रलाई सामुदायिक मनोरञ्जन स्थल र चेतना प्रवाह केन्द्रको रुपमा समेत विकास गरिनेछ ।
४. बेरोजागार युवाहरुको तथ्यांक संकलन गरी स्वरोजगारमूलक व्यवसायिक तालिमको व्यवस्था गरिनेछ ।

गोविन्द प्रसाद आचार्य
अध्यक्ष

५. पालिका स्तरीयमा यूवाहरुलाई खेलकूद तर्फ प्रोत्साहित गर्न पालिका अध्यक्ष कप आयोजना गर्ने, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अन्तरपालिका र जिल्ला बाहिर संचालित खेलकूद प्रतियोगितामा खेलाडीहरुलाई सहभागि हुन सहयोग गरिनेछ ।

## खानेपानी तथा सरसफाई सम्वन्धी नीति :

१. स्वच्छ खानेपानीको पहुँच प्रत्येक नागरिक सम्म पुर्याउन एक घर एक धारा अभियान लाइ निरन्तरता दिन विभिन्न सरोकारवाल सम्वद्ध निकाय संग समन्वय,साक्षेदारी/सहकार्य गरिनेछ ।

२. पालिका, वडा स्तरमा खानेपानि तथा सरसफाई सम्बन्धि स्वच्छता तथा समन्वय समिति गठन गरि संस्थागत विकास द्धारा स्वच्छ खानेपानी सम्बन्धि सेवाको प्रत्याभूत गरिनेछ ।

३. पानीजन्य विभिन्न क्रियाकलाप संचालन गर्न अध्ययन सहित जलउपयोग गुरुयोजना अध्यावधिक गरि वाटर एक्टिभिटि संचालनार्थ सरकारी तथा गैर सरकारी संघ/संस्था साथै सरोकारवाल निकाय संग आवश्यक समन्वय र साक्षेदारी गरिनेछ ।

४. गाउँपालिकाको डिजिटल बेसमा आधारित खानेपानी तथा सरसफाई रणनिती योजना निर्माणका लागी सरोकारवाला निकाय संग आवश्यक समन्वय गरी रणनिती योजना तयार गरिनेछ ।

## धर्म संस्कृति पर्यटन

१. गाउँपालिकाभित्र पर्यटनका सम्भावन पहिचान गरी पर्यटक आकर्षण गर्ने मैलिक सस्कृतिको विकास र प्रवर्द्धन गरी पर्यटन पूर्वाधारको विकास गरिनेछ ।

२. गाउँपालिकाभित्र रहेका ऐतिहासिक ,पुरातात्वीक एवं सांस्कृतिक महत्वका सम्पदाहरुको पहिचान एवं संरक्षण र सम्वर्धन गर्न जोड दिइनेछ ।

## लैगिंक समानता तथा समावेशिकरण

१. लैगिक समानताको एक आयामको रुपमा रहेको महिला शारिरीक मानसिक रुपमा स्वस्थ हुनु पर्ने र तत् पश्चात अर्थमूलक विकास साझेदार हुने विश्व मूल्यमान्यता अनुसार स्वस्थ नारीः हाम्रो साझा फुलबारी भन्ने नाराकाका साथ महिला स्वास्थ्य परिक्षणको लागि पायक पर्ने स्थानमा संघीय,प्रादेशिक सरकार संघ संस्था संगको साझेदारीमा अर्धवार्षिकी स्वास्थ्य शिवीर संचालन गरिनेछ साथै कठिन रोगीलाई जिल्ला बाहिर लिनु पर्दा अवस्थाका आधारमा उपचारमा सहयोग एवं समन्वय गरिनेछ ।

२. गाउँपालिकामा लैंगिक समानता र सामाजिक समावेशिकरण , सामाजिक न्याय कायम गर्न, लक्षित वर्ग (दलिंत,विपन्न,किशोरी,एकल महिला,जेष्ठ नागरिक,अपांग) लाई दृष्टिगत गरि जनता संग उपाध्यक्ष कार्यक्रम संचालन गर्न सकिने छ।

३. लैंगिक हिंसा र घरेल हिंसाको अन्त्य गर्दै महिला अधिकार र बालबालिकाको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धताको आधारमा महिला र बालबालिकाको संरक्षण ,बचाउ ,विकास र सहभागितामा जोड दिने नीति लिइनेछ ।

४. लक्षित वर्गका कार्यक्रमलाई प्रभावकारी बनाउन विकास समितिलाई क्रियाशिल तथा जवाफेहि बनाइनेछ

६. दलित ,विपन्न समुदाय तथा अपांङ्गहरुका लागि सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

७. बालश्रम ,बालविवाह ,छाउपडि प्रथा जातिय भेदभाव तथा छुवाछुत उन्मुलनका लागि जनचेतना जगाउदै कडा नीति अवलम्वन गरीनेछ ।

८. जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

## पूर्वाधार सम्बन्धी नीति

१. गाउँपालिकाको व्यवस्थित एवम् दिगो विकासका लागि गाउँपालिका विकास गूरुयोजना (Master Plan) तर्जुमा गरी विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

२. गाउँपालिका स्तरीय गौरवका आयोजनाहरुको पहिचान र प्राथमिकीकरण गरी आयोजना कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३. योजनाहरुको लागत अनुमान ,मूल्यांकन ,नापि ,कार्यसम्पन्न प्रतिवेदन सबैले बुझ्ने गरी नेपाली तथा अंग्रेजी भाषामा लागु गरिनेछ ।

४. वेउलि पान्तडि रोडलाई कर्णाली राजमार्ग सेरि पान्तडी सडकको सेरिघाट मा जोड्ने कामलाई विशेष प्राथमिकता दिइ सदरमुकाम आवात जावतलाई सरल बनाइनेछ ।

५. आयोजनाको दिगोपना ,प्रभावकारीता कायम गर्न मागमा आधारित सहभागितामूलक योजना छनौट तथा कार्यान्वयन प्रणालीको अवलम्बन गरिनेछ ।

६. आफ्नो स्वामित्वमा जग्गा भएका वडापालिकाहरुको भौतिक संरचना निर्माण गरिनेछ ।

७. छाति छेलोहान्ना, सुकाटिया घट्टेगाड सडक निर्माण कार्यलाई प्राथमिकता दिई सडक संचालन गरिनेछ ।

८. गाउँपालिकामा सरकारी तथा सामुदायिक भवन निर्माणका लागी प्रदेश, संघ र सरोकारवाला निकाय सँग समन्वय गरी निर्माणका लागी आवश्यक पहल गरिनेछ ।

९. ट्र्याक खोलिएका सडकहरुको नियमित सञ्चालन तथा मर्मत सम्भार गरि नियमित सडक सञ्चालन गरिनेछ ।

१०. सरकारी तथा निजी भवनहरु भुकम्पिय जोखिमबाट सुरक्षीत बनाउने नीति अवलम्बन गरीनुका साथै सरकारी भवनहरु अपाङ्गमैत्री बालमैत्री तथा जेष्ठ नागरीक मैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

११. सबै वडाहरुलाई गाउँपालिकाको केन्द्रसम्म जोड्नेगरी सडक निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ ।

१२. सडक निर्माण गर्दा बायोइन्जिनियरिङ्ग तथा वातावरणमैत्री हुने गरी बनाइनेछ ।

१३. गाउँपालिकाको एकिकृत प्रशासकिय भवन निर्माण गर्न डिपिआर गरि निर्माण प्रक्रिया अगाडी बढाईनेछ ।

१४. गुणस्तरीय र समयमा काम सम्पन्न गर्ने उपभोक्ता समितिलाई प्रोत्साहन गरिनेछ ।

१५. विकास निर्माणको क्रममा उत्खनन् भएको जमिनमा वृक्षारोपण गरी भुक्षय नियन्त्रण गरिनेछ ।

१६. दर्ता भएका ५९६६ बेरोजगार व्यक्तिहरुलाई विभिन्न रोजगार मार्फत कम्तीमा १०० दिनको रोजगारी प्रदान गरिनेछ र ज्याला भुक्तानी प्रत्येक कामदारको व्यक्तिगत खातामा गरिनेछ ।

१७. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत बढि भन्दा बढी लक्षित वर्गलाई प्राथमिकतामा राखी उक्त ज्याल मजदुरीको रकम सही सदुपयोग गर्न चेतनमूलक कार्यक्रम संचालन गरिनेछ ।



आचार्य

१८. आगामी आ.व.२०७९/०८० मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) पाईलट परियोजना कार्यान्वयन हुने भएकाले यस परियोजनाको लागि सह लगानीको प्रबन्ध गरि आवश्यक कार्य गरिने छ ।

१९. यस स्थानीय तहमा रहेका स्थानीय पूर्वाधारको दिगो संचालन हेतुले पालिका स्तरीय स्थानीय पूर्वाधार मर्मत संभार सहयोग कोष स्थापनाका लागी एकमुष्ट रु. ५८७१५५०/- अन्ठाउन्न लाख एकहत्तर हजार पाँच सय पचास मात्र विनियोजन गर्ने र कोष संचालनका निम्ती आर्थिक वर्ष २०७९/०८० को प्रथम चौमासिक भित्र कार्यविधि तयार गरिनेछ । (वित्तिय समानिकरण कोषको कम्तीमा ५ प्रतिशत )

२०. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कर्णाली पाइलटद्वारा क्षमता अभिवृद्धि तथा प्रणाली सुधारका निम्ती प्राप्त हुने प्राविधिक तथा आर्थिक श्रोत स्वीकार गर्ने र पाइलटको सहयोगमा स्थानीय पूर्वाधार विकासलाई प्रभावकारी एवं जलवायु उत्थानशिल बनाउन आवश्यक पर्ने विभिन्न कानुनी, नीतिगत र प्रकृयागत कुराहरुमा आवश्यक थप घट संशोधन/सुधार क्रमश गरिनेछ ।

२१. आगामी आर्थिक वर्ष २०७९/०८० मा स्थानीय पुर्वाधार सहयोग कार्यक्र

२२. आगामी आर्थिक वर्ष २०७९/०८० मा स्थानीय पुर्वाधार सहयोग कार्यक्रम कर्णाली पाइलट सँग संयुक्त रुपमा स्थानीय पूर्वाधार विकासका विभिन्नन तरिका साधन र विधि प्रयोग गर्ने तथा स्थानीय पूर्वाधार विकास क्रियाकलापको अनुगमन मूल्याङ्कन तथा सिकाई गरिनेछ ।

२३. आगामी आर्थिक वर्ष २०७९/०८० मा स्थानीय तहमा रहेका बेरोजगारहरुको बहुआयमिक सूचक बनाई पहिचान एवं सुचिकृत गर्नुका साथै उनीहरुलाई स्थानीय पूर्वाधार विकासका क्षेत्रको माध्यमबाट रोजगार प्रदान गरिनेछ ।

२४. आगामी आर्थिक वर्ष २०७९/०८० मा स्थानीय तहमा रहेका बेरोजगारहरुको बहुआयमिक सूचक बनाई पहिचान एवं सुचिकृत गर्नुका साथै उनीहरुलाई स्थानीय पुर्वाधार विकासका क्षेत्रको माध्यमबाट रोजगार प्रदान गरिनेछ ।

## उर्जा सम्बन्धी नीति

१. सबै वडामा विधुतको पहुँच पर्याउन राष्ट्रिय प्रशारण लाईन विस्तारका लागी नेपाल विधुत प्राधिकरण सँग समन्वय गरि विधुत सेवा विस्तारका लागी आवश्यक पहल गरिनेछ ।

२. गाउँपालिकामा रहेको लघु जलविधुतहरुको स्तरउन्नती गरी विधुतको पहुँच पूर्याउन उज्यालो अभियान संचालन गरिनेछ ।

३. गाउँपालिकामा वैकल्पिक उर्जा प्रवर्धन कार्यक्रम संचालनका लागी आवश्यक पहल गरिनेछ ।

४. सार्वाजनिक महत्वका विद्यालय ,स्वास्थ्य चौकी मन्दीर लगायतका जात्रा मेला लाग्ने स्थानहरुमा विधुतको पहुच तथा सौर्य वत्ती जडान गरिनेछ ।

## सूचना तथा संचार सम्बन्धी नीति

१. संचारलाई प्रभावकारी वनाउन बाजथला र घुमथलामा रहेका टावरका क्षमता बढाई 4G सेवा संचालन र टेलीफोलन सुचारु गर्न मुग्राहमा नया टावर जडानका लागी आवश्यक समन्वय गरिनेछ ।

२. शैक्षिक संस्था तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सेवा सुधार गरिनेछ ।

गोविन्द प्रसाद आचार्य
अध्यक्ष

३. गाउँपालिकामा रहेको FMको संस्थागत सुदृढिकरण गरी चेतना अभिवृद्धि,सामाजिक रुढिबादी,कुरितिको अन्त्य गर्न विभिन्न चेतनामूक कार्यक्रमको उत्पादन तथा प्रसारण गर्न प्रोत्साहित गरिनेछ ।साथै पालिकाबाट प्रवाह हुने सेवाको बारेमा पनि जानकारी गराइने छ ।

४. FM रेडियो लाइ आत्मनिर्भर,स्वतन्त्र र स्वावलम्वि बनाउन ब्यवसायीकरण तर्फ उन्मुख बनाउन आवश्यक गृहकार्य गरिनेछ ।

५. गाउँपालिकामा रहेको रेडियोलाई छिमेकी पालिका सँगको साझेदारिमा ५०० वाट क्षमतामा स्तर वृद्धि गरिनेछ ।

६. गाउँपालिकामा रहेको रेडियोलाई पुर्णतः गाउँपालिकाको स्वामित्वमा संचालन गर्नका लागी आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।

## वन तथा भू संरक्षण सम्बन्धी नीति

१. पालिकालाई ग्रिन जोन घोषणा गर्ने परिकल्पना अनुसार पालिकाका सबै वडाहरुका उपयुक्त स्थानमा १/१ वटा वन तथा कृषिमा आधारित नर्सरी स्थापना गरी वृक्षारोपण कार्यलाई अगाडि बढाइने छ ।

२. गाउँपालिका क्षेत्रमा रहेका निजी तथा सामुदायिक वन, खाली बाझो जग्गामा अनुकुल हुनेगरी फलफुल लगायत अन्य विरुवा रोपणमा जोड दिइनेछ ।

३. गाउँपालिका भित्र जडिबुटी तथा औषधिजन्य विरुवा लगाउन प्रोत्साहन गरिनेछ ।

४. हरियाली बचाइराख्न सामुदायिक वन विकासका लागि प्रोत्साहन गरिनेछ ।

५. वनमा हुने आगलागी रोक्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. दुर्लभ वन्यजन्तु रेड पाण्डा संरक्षणका लागि सहयोगी संस्थालाई सहयोग गरिनेछ । बाघ,घोरल,रतुवा, कालिज चोरी सिकारि नियन्त्रण गरि संरक्षणमा विशेष ध्यान दिईनेछ ।

७. गाउँपालिका रहेका जडिवुटि संरक्षण तथा प्रवधनका लागि विशेष ध्यान दिइनेछ ।

८. हरियो बनःनेपालको धन भन्ने नेपालि नारामा मात्र सिमित नराखी सामूदायिक वन समितिको गठन तथा तिनीहरुको काम,कर्तव्य र अधिकारका विषयमा अन्य सरोकार निकाय संग समन्वय गरी आवश्यक व्यवस्थापन गरिनेछ ।

९. गाउँपालिकामा रहेका काईनाइट,स्लेट लगायतका खानीहरुको व्यवस्थापन तथा संरक्षणका लागि अबलम्वन गर्नु कार्यप्रक्रिया बारेमा सम्बन्धित मन्त्रालय संग समन्वय गरि आवश्यक रित पुर्याई कार्य गरिनेछ ।

## संस्थागत विकास शुसासन तथा सेवा प्रवाह सम्बन्धी नीति

१. गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त र सरल रुपमा अगाडी बढाईनेछ ।

२. भ्रष्टचार विरुद्ध शुन्य शहनशिलात को नीतिलाई जोड दिईनेछ ।

३. योजना कार्यान्वयन तहमा पारदर्शिता कायम गर्न ठेक्का पट्टामा विद्युतिय प्रणाली प्रयोगमा जोड दिनुका साथै आयोजना सूचना पाटीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४. गाउँपालिकाको संस्थागत विकास गर्न पदाधिकारी तथा कर्मचारीहरुलाई तालिम ,गोष्ठि ,अध्ययन अवलोकन भ्रमण तथा नेतृत्व क्षमता विकास तालिम दिने व्यवस्था मिलाईनेछ ।

६. गाउँपालिकाले योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्ययोजना वनाई कार्यान्वयन गरिनेछ ।

७. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नियमित ,भरपर्दो र नतिजामूलक बनाई विकास योजना तथा कार्यक्रमलाई थप गुणस्तरीय एवं प्रभावकारी बनाईनेछ ।

८. कार्य पद्धतिलाई व्यवस्थित र खर्च प्रणालिलाई पारदर्शी बनाई समग्र कार्यसम्पादन स्तरमा सुधार गर्दै वित्तिय सुशासन प्रवर्द्धन गरिनेछ ।

९. न्यायिक समितिको कार्यसम्पादनलाई नागरिकले न्यायको अनुभूति गर्न पाउने गरी थप प्रभावकारी बनाउन इजलास निर्माण गरिनेछ । न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि तालिमको प्रबन्ध गरिनेछ ।

१०. न्यायीक सम्पादन कार्यलाई प्रभावकारी बनाई जनविश्वास सिर्जना गर्न पालिका स्तरमा गठित न्यायिक समिति व्यवस्थापन वापत आवश्यक श्रोतको प्रवन्ध गरिनेछ ।

११. गाउँपालिकाबाट प्रवाह गरिने सेवा तथा सुविधा हरुको गुनासो सुनुवाईका लागी गाउँपालिकामा टोल फ्री नम्वर राखिनेछ ।

## राजश्व सम्बन्धी नीति

१. गाउँपालिकाको राजश्व सुदृढिकरण तथा परिचालनलाई भरपर्दो बनाउनको लागि विस्तृत अध्ययन गरी राजश्व परिचालन समिति गठन गरिनेछ ।

२. गाउँपालिका भित्र सञ्चालित व्यापार व्यवसायलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता अभियान सञ्चालन गरिनेछ ।

३. कर तिर्ने सोच तथा बानी विकासका लागि करदाता शिक्षा अभियान सञ्चालन गरिनेछ ।

४. गाउँपालिकामा आपतकालिन हित कोष स्थापना गरि सो कोषमा गाउँपालिकामा संचालन हुने सरकारी तथा गैर सरकारी निकायका सबै वैठक भत्ताको १० प्रतिशत रकम अनिवार्य रुपमा जम्मा गरिनेछ ।

## शिक्षा सम्वन्धि नीतिः

१. गाउँपालिकामा आवासिय विद्यालय स्थापना तथा संचालनका लागि आवश्यक पहल गरिने छ ।

२. शुभकालिका गाउँपालिकाको वडा नं. ४ स्थित महादेव मा.वि.राराकाटियामा संचालनरत कृषि प्राविधिक शिक्षालयको शैक्षिक गुणस्तर सुधार गर्न अन्य सहयोगी संघ/संस्था संग आवश्यक समन्वय गरिने छ ।

३. विद्यालय भर्ना प्रतिशतलाई वढाइने छ र कक्षा छोडने प्रतिशतलाई निरुत्साहित गर्न शिक्षकहरुलाई वैत्तिक मामिला अध्ययनमा प्रोत्साहित गरिनेछ र सिफारिसको कार्यान्वयनको लागि योजना एवं कार्यक्रम तर्जुमा गरिनेछ

४. आधारभूत तहको प्रत्येक कक्षामा विद्यार्थिको प्रोफाईल बनाई सिकाई प्रगति तथा क्रियाकलापको अभिलेख र बार्षिक अन्तिम परिक्षाको परिणाम समेतलाई एकिकृत गरी ग्रेड निर्धारण गरिनेछ ।

५. विद्यालयको शैक्षिक बातावरण स्वच्छ, सफा,शान्त, सुरक्षित र हरियाली प्रदुषितमूक्त राख्न समन्वय र सहकार्य गर्ने र शिक्षक,अभिभावक र विद्यार्थिहरु विचको त्रिकोणात्मक सम्बन्धलाई प्रवर्द्धन गर्दै शिक्षण संस्थाहरुलाई वातावरण मैत्री हरित संस्थाको रुपमा विकास गरिनेछ ।

६. सार्वजनिक विद्यालयमा अनुदान वितरणको मापदण्डको रुपमा सामाजिक परिक्षणलाई अनिवार्य लागु गरिनेछ ।

७. सरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था संगको समन्वयमा शिक्षक विद्यार्थिका लागि विपद् व्यवस्थापन, वातावरण संरक्षण, स्वास्थ्य तथा सरसफाई,पोषण सम्बन्धि आधारभूत ज्ञान,पूर्वतयारी र प्रतिकार्य सम्बन्धि व्यवहारिक तालिम तथा अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ ।

८. सार्वजनिक र संस्थागत विद्यालय व्यवस्थापन समिति विच अनुभव साटासाट एवं अन्तक्रिया कार्यक्रम संचालन गरि राम्रा पक्षको अनुसरण गर्न उचित समन्वय गरिनेछ ।

९. आधारभूत तथा माध्यामिकतहको वार्षिक परिक्षामा पालिकाभित्रका सबै भन्दा बढी प्रतिशत उत्तिर्ण गराउने तत् तत् तहका विद्यालयका २ जना विद्यार्थिहरुलाई पुरस्कृत गरिनेछ सोहीलाई आधार बनाई उक्त विद्यालयहरुमा अन्य शैक्षिक क्रियाकलाप गर्न/गराउन प्रोसाहित गरिनेछ ।

१०. सार्वजनिक विद्यालयमा प्रविधि मैत्री शिक्षा कार्यक्रमलाई निरन्तरता दिन थप पहल र समन्वय गरी प्रवर्द्धन गरिनेछ ।

११. विद्यालय प्रशासन प्रभावकारी, चुस्त,दुरुस्त राखी शैक्षिक गतिविधि प्रभावकारी बनाउन प्र.अ. संग सामयिक समिक्षा वैठक बस्ने प्रबन्ध गरिनेछ ।

१२. गाउँपालिका भित्रका अपांगता भएका बालबालिकाहरुलाई आधारभूत आवासिय स्रोत विद्यालय बनाउने ।अपांगता भएका, दलित,विपन्न जनजाती र कठिन परिस्थितिबाट आएका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन र तिनीहरुलाई टिकाई राख्न विशेष समावेशी कार्यक्रम लागु गरिनेछ ।

१३. विद्यालय तथा वालबिकास केन्द्रहरुलाई वालमैत्री,छात्रामैत्री,अपांगमैत्री तथा सुरक्षित,हिंसारहित र भयरहित केन्द्रको रुपमा विकास गरिनेछ । जोखिममा रहेका वालवालिकाहरुका लागि शिक्षा,स्वास्थ्य तथा आयआर्जनमा सहयोग प्रदान गरिनेछ ।

१४. बहुआयामिक गरिवी क्षेत्र भित्र परेका,गरिव परिचयपत्र प्राप्त गरेका,बहिष्करणमा परी बहुपक्षिय परि आर्थिकरुपमा पछाडी परेका दलित,लोपोन्मुख,अल्पसंख्यक,सिमान्तकृत,अपांगता भएका साथै अवसरबाट बञ्चित भएकाका लागि आवासिय सुविधा सहितको प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकासको अवसर प्रदान गरिने छ ।

१५. विद्यार्थि,शिक्षक,अभिभावक र स्थानिय निकाय, समुदाय तथा संघसस्थाहरु परिचालन गरि विद्यालय घेरबार,खेलमैदान,विद्यालय जाने आउने बाटो र विद्यालयको आन्तरिक तथा बाह्य वातावरण सुधार गरी बालमैत्री,लैगिंकमैत्री एवम् अपांगमैत्री बनाइने छ ।

## स्वास्थ्य सम्वन्धि नीति :

१. यस पालिकाका स्थायी निवासीको आर्थिक पहिचान गरि निःशुल्क स्वास्थ्य विमा कार्यक्रम लागु गरिनेछ ।

२. कडा रोग भनिने जस्तो- मुटु रोग, क्यान्सर,मृगौला रोगी,नर्मल डेलिभरी हुन नसक्ने गर्भवती महिला, कामको सिलसिलामा भिर,पाखा,रुखबाट खसी घाईते भएका, हिंस्रक जंगली जनावरको आक्रमणमा परी घाईते भएका, लाई डक्टरको रिफर अनुसार जिल्ला बाहिर उपचारको लागि लिन पर्दा सहयोग गरिनेछ ।

३. गाउँपालिकामा हुन सक्ने महामारी तथा विपद् व्यवस्थापनका लागि आकस्मिक योजना, उद्धार तथा राहत कोष स्थापना गरिने छ ।साथै चौविसै घण्टा स्वास्थ्य सेवा प्राप्त गर्ने कार्यको लागि आवश्यक प्रबन्ध गरिनेछ ।

४. गाउँपालिकामा संचालित आधारभूत स्वास्थ्य केन्द्र,सामूदायिक स्वास्थ्य ईकाइ र स्वास्थ्य चौकीमा आवश्यक औषधि,उपकरण र तहगत दक्ष जनशक्तिको व्यवस्थापन गरी सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउन आवश्यक प्रबन्ध गरिनेछ ।

५. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन विभिन्न सरकारी तथा गैरसरकारी निकाय संग समन्वय गरी स्रोत संकलन तथा व्यवस्थापन गर्न आवश्यक पहल एवं समन्वय गरिनेछ ।

६. अशक्त विरामीलाई जिल्ला एवं जिल्ला बाहिर उपचारको सेवा दिन एम्बुलेन्स खरिद गरिनेछ ।

७. गाउँपालिकाको वडा नं.४ को राराकाटियामा ५ शैयाको अस्पताल निर्माणका लागी प्रदेश सरकार र संघिय सरकारमा आवश्यक पहल तथा माग गरिनेछ ।

## विपद व्यवस्थपन सम्वन्धि नीतिः

१. विपद् पश्चातका गरिने खोज,उद्धार,राहत भन्दा पनि विपद् नै सृजना हुन नदिन विपद् पूर्व न्यूनीकरण सम्बन्धि अपनाउने उपाय अबलम्वन गर्ने छौ ।मानव सृजित विपद भन्नले जस्तोः आगलागी , बनडढेलो

२. नव निर्वाचित प्रतिनिधिको पदवहाली पश्चात स्थानिय विपद व्यवस्थापन समिति पुनर्गठन गरि विगतबाट संचालनमा रहेको विपद् व्यवस्थापन कोष संचालनलाई निरन्तरता दिइनेछ।

३. आगामी आर्थिक वर्ष २०७९/०८० मा विपद सम्बन्धि योजनावद्ध एवं सामयिकरुपमा काम गर्न आवश्यक भएकाले पालिका भित्रका असुरक्षित,जोखिम र संकटासन्न अवस्थाको नक्सांकन एवं विश्लेषण गरि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरि सोको कार्यान्वयन गरिनेछ ।

४. विपद् सम्बन्धि कार्य विभिन्न परियोजना,संघ/संस्थाहरु संग समन्वय र साक्षेदारी गरिनेछ ।

५. मनसुनजन्य विपद प्रभावित निजि आवासको पुन निर्माण,प्रवलीकरण र पुनस्थापना सम्बन्धि कार्यको लागि सफ्टवयर प्रयोग गरि श्रोत व्यवस्थापन गरिनेछ ।

६. स्वास्थ्य, शिक्षा, कृषि\पशु सेवा, पूर्वाधार, खानेपानी तथा सरसफाई, विपद् ,जलबायू परिवर्तन जस्ता विषयहरुमा साक्षेदारीको लागी आउने संघ,प्रदेश सरकार ,गैर सरकारी संघ सस्था,निजी क्षेत्रलाई औचित्य र आवश्यकताको आधारमा विना रोकटोक ढोका खुला गरिनेछ ।

## पोषण सम्वन्धि नीति :

१. बहुक्षेत्रिय पोषण कार्यक्रम लाई प्रभावकारी रुपमा कार्यान्वयन गरी पोषण कर्नर, कुपोषित बालबालिकालाई पौष्टिक आहार वितरण,नियमित स्वास्थ्य जाँच तथा लिटो वितरण वडा स्तरमा नै गरिनेछ ।

२. कुपोषित हुने दरलाई घटाउन स्वास्थ्य संस्था संग जोडेर हरेक बार खाना चार भन्ने नाराका साथ पोषण सम्बन्धि तालिम प्रदान गरिने छ ।

३. गाउँपालिकामा लागु भईरहेको बहुक्षेत्रीय पोषण कार्यक्रम, पोषणमैत्री गाउँपालिका र सोही प्रकृतीको काम गर्न सरकार तथा गैर सरकारी निकाय लाई काम गर्न प्रोत्साहित गर्ने र एकिकृत रुपमा कार्यक्रम संचालन आवश्यक कार्य गरिनेछ ।

४. सामाजिक सुरक्षा भत्ता वितरण कार्य वैकिङ प्रणाली मार्फत गर्नु भनेको वित्तीय सुशासनको राम्रो पक्ष हो तर भौगोलिक विकटताका कारण यस पालिकाका वडा नं.१,२,३,७,८ का लाभग्राहीहरुलाई पालिका केन्द्रको वैक बाट भत्ता प्राप्ती गर्न सास्ती खेपी रहेकाले सोही बैंक तथा अन्य वैंक संग सरलताको लागि समन्वय एव अनुरोध गरिनेछ ।

५. घटना दर्ता जन्म, मृत्यु, बसाईसराइ, विवाह र सम्बन्ध विच्छेद दर्ता जस्ता कार्यलाई अनलाइन प्रक्रियामा प्रभावकारी बनाउन जोड दिइनेछ साथै नेपाल सरकारको सन् २०२४ सम्म शत प्रतिशत घटना दर्ता गर्ने लक्ष्य पुरा गर्न वर्षमा २ पटक शिविर संचालन सो कार्यलाई प्रचार,प्रसार एवं जनमूखी बनाईनेछ ।

६. अध्यक्ष संग यूवा स्वरोजगार कार्यक्रम आगामी २०७९/०८० देखि संचालन गरिनेछ ।

७. **Green Resilient inclusive development(GRID) Frame work and action plan** निर्माणमा सरकारी तथा गैर सरकारी संघ संस्था संग समन्वय गर्ने ।

८. आगामी आर्थिक वर्ष २०७९/०८० का लागी जलवायु उत्थानशिल, श्रममा आधारित र उत्पानशिल स्थानीय पूर्वाधार योजना (श्रममा आधारित, हरित पूर्नलाभ, नतिजामुखि, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थपापन एवं जोखिम न्यूनिकरण, उत्पादनशिल, आवश्यकतामा आधारित, आर्थिक-सामाजिक रुपले सिमान्तकृत वर्ग सहित समुदायको ठुलो हिस्सा लाभान्वित हुने) शिर्षकमा योजनाहरुलाई छनौट गरिनेछ ।

## धर्म संस्कृति पर्यटन

१. गाउँपालिकाभित्र पर्यटनका सम्भावन पहिचान गरी पर्यटक आकर्षण गर्ने मैलिक संस्कितको विकास र प्रवर्द्धन गरी पर्यटन पूर्वाधारको विकास गर्ने ।

२. गाउँपालिकाभित्र रहेका ऐतिहासिक ,पुरातात्वीक एवं सांस्कृतिक महत्वका सम्पदाहरुको पहिचान एवं संरक्षण र सम्वर्धन गर्न जोड दिइनेछ ।

३. गाउँपालिकामा रहेका ऐतिहासिक धर्म संस्कृति को संरक्षण र सम्वर्द्धन गर्न शुभकालिका कलागृह निर्माण गरिनेछ ।

३. पालिका भित्र संचालन हुने धार्मिक मेलालाई प्रचार प्रसार गरी मेला व्यवस्थापनलाई जोड आन्तरिक पर्यटनको पर्वर्द्धन गरिनेछ ।

४. धार्मिक धाममा हुने रात्रिकालिन जात्रालाई व्यवस्थित तुल्याउन विधुत तथा सौर्य बत्तिको व्यवस्था गरिनेछ ।

## लैंगिक समानता तथा समावेशिक

१. लैंगिक हिंसा र घरेल हिंसाको अन्त्य गर्दै महिला अधिकार र बालबालिकाको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धताको आधारमा महिला र बालबालिकाको संरक्षण ,बचाउ ,विकास र सहभागितामा जोड दिने नीति लिइनेछ ।

२. सार्वजनिक सेवा प्रवाह ,विकास निर्माण ,सेवा सुविधा लगायतका सबै क्षेत्रमा लक्षीत वर्गको सम्मानजनक उपस्थिती गराउने नीति लिइनेछ ।
३. लक्षित वर्गका कार्यक्रमलाई प्रभावकारी बनाउन विकास समितिलाई क्रियाशिल तथा जवाफेहि बनाइनेछ
४. महिलाको आयआर्जनमा अभिवृद्धि गर्न उद्यमशिल तथा सिपमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
५. दलित ,विपन्न समुदाय तथा अपांङ्गहरुका लागि सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
६. बालश्रम ,बालविवाह ,छाउपडि प्रथा जातिय भेदभाव तथा छुवाछुत उन्मुलनका लागि जनचेतना जगाउदै कडा नीति अवलम्वन गरीनेछ ।
७. जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

सभाअध्यक्ष महोदय

## आगामी आ.व.२०७९/०८०का लागि बजेट तर्जुमा गर्दा लिएका आधारहरुः

१. नेपालको संविधान(२०७२)
२. अर्थमन्त्रालय,संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,अर्थ मन्त्रालयले समय-समयमा जारी गरेका परिपत्र,दिग्दर्शन,निर्देशिका
३. कर्णाली प्रदेश सरकारले समय-समयमा जारी गरेका परिपत्र,दिग्दर्शन,निर्देशिका
४. स्थानीय सरकार संचालन ऐन,२०७४
५. दिगो विकासका लक्ष्यहरु
६. आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन,२०७७
७. राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन
८. स्रोत अनुमान तथा बजेट निर्धारण समितिको निर्णय,टोल,वस्तीबाट प्राथमिकीकरण भई छनौट भएका योजना ,बजेट तथा कार्यक्रम तर्जुमा समिति एवं राजश्व परामर्श समितिको निर्णय ,सुझावहरु
९. राजनितीक दलका नेता,कार्यकर्ता,विषयगत अगुवा व्यक्ति,विषय विज्ञबाट प्राप्त सुझाव सल्लाहा
१०. राजनितीक व्यवस्था परिवर्तनका जनआन्दोलन ,जनयुद्धका परिमाणहरु
११. धार्मिक,साँस्कृतिक मूल्य,मान्यता ,प्रथा एवं परम्पराहरु
१२. पालिकाको विकास आवधिक योजना,जल उपयोग गुरुयोजना सम्बद्ध ऐन,कानून एवं कार्यविधिहरु

सभाअध्यक्ष ज्यू,

उल्लेखित उद्देश्य परिपूर्तिका लागि बजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ ।

- लक्षित वर्ग, कोरना प्रभावितलाई आत्मनिर्भर बनाउन उनिहरुमा उद्यमशिलताको विकास गर्ने ।
- स्वरोजगारमुखी र समावेशी आर्थिक विकासमा जोड दिने ।
- जलविद्युत तथा स्थानीय सडक निर्माणलाई उच्च प्राथिकता दिई कार्यान्वयन गर्दै जाने ।
- कृषि क्षेत्रको आधुनिकीकरण,व्यवसायीकरण र बजारीकरणमा जोड दिने ।
- पर्यटन प्रवर्धनको माध्यमद्धारा आर्थिक विकासमा जोड दिने ।

- स्थानीय सुशासन प्रवर्धनमा जोड दिन डिजिटल गाउँपालिकाको रुपमा विकास गर्ने ।
- संचालित आयोजनाहरुको एकीकृत र सघन अनुगमन प्रणाली मार्फत प्रभावकारीता र गुणस्तरमा अभिवृद्धि गर्ने ।

सभा अध्यक्ष ज्यु

अव म आगामी आ.व.२०७९/०८०को अनुमानित आय प्रस्तुत गर्न चाहन्छु ।

१.संघीय सरकार तर्फको:

| अनुदानको प्रकार | आय रु. | कैफियत |
|---|---|---|
| १)अन्तर सरकारी वित्तीय हस्तान्तरण सशर्त अनुदान | १७,६०,००,००० | सत्र करोड साठी लाख मात्र |
| २)वित्तीय समानीकरण अनुदान | १०,६९,००,००० | दश करोड उनान्सत्तरी लाख मात्र |
| ३)अ.ल्या. समानीकरण अनुमानित | ५०,००,००० | पचास लाख मात्र |
| ४)राजश्व बाँडफाड तर्फ | ७,४०,८३,००० | सात करोड चालिस लाख त्रियासी हजार मात्र |
| ५) विशेष अनुदान | ८०,००,००० | असि लाख मात्र |
| जम्मा | ३६,९९,८३,००० | छत्तिस करोड उनान्सय लाख त्रीयासी हजार मात्र |

२.कर्णाली प्रदेश सरकार तर्फको:

| अनुदानको प्रकार | आय रु. | कैफियत |
|---|---|---|
| क) प्रदेश सशर्त अनुदान | २,५९,५०,००० | दुइ करोड उनानसाठी लाख पचास हजार मात्र |
| ख)वित्तीय समानीकरण अनुदान | १,०५,३१,००० | एक करोड पाँच लाख एकतिस हजार मात्र |
| ग)राजश्व बाँडफाड | २,७५,८४९ | दुइ लाख पचहत्तर हजार आठ सय उनानपचास मात्र |
| जम्मा | ३,६७,५६,८४९ | तिन करोड सठ्सठ्ठी लाख छपन्न हजार आठ सय उन्पचास मात्र |

३. शुभकालिका गाउँपालिकाको आन्तरिक श्रोत तर्फको:

| अनुदानको प्रकार | आय रु. | कैफियत |
|---|---|---|
| १)पालिका आन्तरिक राजष्व तर्फको जम्मा | ३०,००,००० | तिस लाख मात्र |

४. गैर सरकारी संघ/सस्था तर्फको:

गैर सरकारी सस्था वाट यस आवको लागी पेश गरेको वजेट विवरण निम्नअनुसार रहेको छ ।

| गै.सं.स.कोनाम | आय रु. | कैफियत |
|---|---|---|
| १) किर्डाक नेपाल कालिकोट कोपिला कार्यक्रम | ५९,६२,१८३.३२ | उनानसाठी लाख वैसठ्ठि हजार एक सय त्रियासी रुपैया वत्तिस पैसा मात्र |
| २) सहयात्रा दोर्सो परियोजना किडाक नेपाल | २,२०,०९,९७० | दूइ करोड विस लाख नौ हजार नौ सय सत्तरी मात्र |
| ३) हेल्वटास वाम्पि नेपाल | २,५०,००००० | दुइ करोड पचास लाख मात्र |
| ४) रेडपाण्डा संरक्षण | ११,००,००० | एघार लाख मात्र |

| | | |
|---|---|---|
| ५) शुलभ परियोजना | ६,९६,३५८ | छ लाख छयानव्वे हजार तिन सय अन्ठाउन मात्र |
| ६) भकारी परियोजना | ८३,०२,२१३ | त्रियासि लाख दूइ हजार दूइ सय तेह्र मात्र |
| जम्मा | ६,३०,७०,७२४.३२ | |

जम्मा पालिकाको अनुमानित आयतर्फ संघिय सरकार बाट रु. ३६,९९,८३,००० र प्रदेश सरकारबाट रु. ३,६७,५६,८४९ र आन्तरिक आम्दानी रु. ३०,००,००० गरी जम्मा रु.४०,९७,३९,८४९ (चालिस करोड सन्तानब्बे लाख उन्चालिस हजार आठ उन्नपचास रुपैंयाँ रहेको छ जस भित्र अ.ल्या.रु.५०,००,०००/ र आन्तरिक आम्दानी रु. ३०,००,०००/ समावेश गरिएको छ । उक्त अ.ल्या.र आन्तरिक आम्दानी रकम बाहेक अनुमानित आम्दानी रु.४०,१७,३९,८४९/ रहेको छ )र गै.स.स. संस्था माफर्त रु.६,३०,७०,७२४.३२(छ करोड तिस लाख सत्तरी हजार सात सय चौविस रुपैया वत्तिस पैसा ) गरी अनुमानित रकम जम्मा रु. ४७,२८,१०,५७३.३२/ (सत्तचालिस करोड अठ्ठाईस लाख दश हजार पाँच सय त्रिहत्तर रुपैया वत्तिस पैसा ) मात्र रहेको छ ।

सभा अध्यक्ष ज्यू,

आगामी आ.व.२०७८/०७९का लागि यस गाउँपालिकाको नाउँमा आजको मिति सम्म बजेट सिलिङ्गको आधारमा प्रास भएको कुल बजेटबाट चालु र पुँजीगत तथा पुँजिगत अन्तर्गतको विषय समष्टिगत तर्फ समेतको अनुमानित एवं प्रस्तावित व्यय निम्न बमोजिम रहेकोले स्वीकृतीको लागि यस गरिमामय आठौं गाउँ सभामा पेश गर्न अनुमति चाहन्छु ।

**१. पुजिगत तथा विषयगत खर्च**

| विषयगत शाखा | रकम | |
|---|---|---|
| विभिन्न विषयगत योजना संग साझेदारी रकम | १५०००००० | एक करोड पचास लाख मात्र |
| पालिका स्तरमा मर्मत सम्भार कोष | ५८७१५५० | अन्ठाउन लाख एकहत्तर हजार पाच सय पचास मात्र |
| विभिन्न सडकखण्डको नयाँ ट्र्याक खोल्नका लागी | २०००००० | दुइ करोड मात्र |
| प्रधानमन्त्रि रोजगार योजना संग साझेदारी | ६००००००० | साठी लाख मात्र |
| एम्वुलेन्स खरिद | १५००००० | पन्द्र लाख मात्र |
| सडक वाट क्षति भएका संरचना | २०००००० | विस लाख मात्र |
| जनता संग उपाध्यक्ष कार्यक्रम | ३०००००० | तिस लाख मात्र |
| शिक्षा शाखा का विभिन्न कार्यक्रम संचालन | २०००००० | विस लाख मात्र |
| कृषि शाखा का विभिन्न कार्यक्रम | १५००००० | पन्द्र लाख मात्र |
| पशु शाखा का विभिन्न कार्यक्रम | २०००००० | विस लाख मात्र |
| स्वास्थ्य शाखा का विभिन्न कार्यक्रम | २५००००० | पच्चिस लाख मात्र |

| | | |
|---|---|---|
| आयुर्वेद शाखा का विभिन्न कार्यक्रम | ५००००० | पाचँ लाख मात्र |
| महिला शाखा शाखा का विभिन्न कार्यक्रम | ३०००००० | तिस लाख मात्र |
| युवा तथा खेलकुद | १०००००० | दश लाख मात्र |
| महिला स्वास्थ्य स्वयम सेविका | ५००००० | पाचँ लाख मात्र |
| विपद व्यवस्थापन कोष | २५००००० | पच्चिस लाख मात्र |
| अध्यक्ष युवा स्वरोजगार कार्यक्रम | ३०००००० | तिस लाख मात्र |
| ७ वटा वडामा पच्चिस लाख पुजिगत खर्च तथा वडा न ३ मा पैतिस लाख | २१०००००० | दुइ करोड दश लाख मात्र |
| न्यायिक समिति | २०००००० | विस लाख मात्र |
| राराकाटिया प्राविधिक शिक्षालय | ५००००० | पाचँ लाख मात्र |
| दलित लक्षित कार्यक्रम | १०००००० | दश लाख मात्र |
| भैपरि | २०२२९९ | दुइ लाख दुइ हजार दुइ सय उनानसय मात्र |
| | ९६५७३८४९ | नौ करोड पैसठ्ठी लाख त्रिहत्तर हजार आठ सय उनानपचास मात्र |

२. प्रशासनिक/चालु खर्च तर्फ

| खर्च संकेत | खर्च शीर्षक | रकम | अक्षरमा |
|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | २२०००००. | दुइ करोड विस लाख मात्र |
| २११२१ | पोशाक भत्ता | १५०००००. | पन्द्र लाख मात्र |
| २११२३ | औषधि उपचार खर्च | ५०००००. | पाँच लाख मात्र |
| २११३१ | स्थानीय भत्ता | ३५०००००. | पैतिस लाख मात्र |
| २११३२ | महङ्गी भत्ता | १०००००० . | दश लाख मात्र |
| २११३४ | कर्मचारी बैठक भत्ता | ५०००००. | पाँच लाख मात्र |
| २११३९ | अन्य भत्ता | ५०००००. | पाँच लाख मात्र |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २५०००००b . | पच्चिस लाख मात्र |
| २११४२ | पदाधिकारी अन्य सुविधा | १५००००००. | एक करोड पचास लाख मात्र |
| २२१११ | पानी तथा बिजुली | १०००००. | एक लाख मात्र |
| २२११२ | सञ्चार महशुल | १००००००. | दश लाख मात्र |
| २२२११ | इन्धन (पदाधिकारी) | ७०००००. | सात लाख मात्र |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७०००००. | सात लाख मात्र |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १५०००००. | पन्द्र लाख मात्र |
| २२२१४ | बीमा तथा नविकरण | ३०००००. | तिन लाख मात्र |
| २२२२१ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ८०००००. | आठ लाख मात्र |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १००००००. | दश लाख मात्र |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | ४८०००००. | अरचालिस लाख मात्र |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ४०००००. | चार लाख मात्र |
| २२३१४ | इन्धन (अन्य प्रयोजन) | २०००००. | दुइ लाख मात्र |

| | | | |
|---|---|---|---|
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १५०००००. | पन्द्र लाख मात्र |
| २२४१२ | सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ५०००००. | पाचँ लाख मात्र |
| २२४१३ | करार सेवा शुल्क - स्वास्थ्य करार, पालिका करार ,पंजिकरण साझेदारी, आइटी तथा ovot | ११५०००००. | एक करोड पन्द्र लाख मात्र |
| २२४१४ | सरसफाई सेवा शुल्क | ५००००. | पचास हजार मात्र |
| २२५११ | कर्मचारी तालिम खर्च | १५०००००. | पन्द्र लाख मात्र |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धि खर्च | १००००००. | दश लाख मात्र |
| २२५२९ | विविध कार्यक्रम खर्च | ४०००००. | चार लाख मात्र |
| २२६११ | अनुगमन मुल्याङ्कन खर्च | २००००००. | विस लाख मात्र |
| १ | पदाधिकारी तथा कर्मचारी अनुगमन खर्च-१२००००० | ०. | वाह् लाख मात्र |
| २ | वाह्य विशिष्ठ व्याक्ति तथा अन्य – ८००००० | ०. | आठ लाख मात्र |
| २२६१२ | भ्रमण खर्च | ३८०००००. | अठ्तिस लाख मात्र |
| १ | पदाधिकारी भ्रमण खर्च-१५००००० | ०. | पन्द्र लाख मात्र |
| २ | कर्मचारी भ्रमण खर्च-२३००००० | ०. | तेइस लाख मात्र |
| २२७११ | विविध खर्च | ४५०००००. | पैचालिस लाख मात्र |
| २२७२१ | सभा सञ्चालन खर्च | १५०००००. | पन्द्र लाख मात्र |
| २७११२ | अन्य सामाजिक सुरक्षा तथा स्वास्थ्य विमा | ४००००००. | चालिस लाख मात्र |
| २८१४२ | घरभाडा | १००००००. | दश लाख मात्र |
| २८१४९ | अन्य भाडा | ४०००००. | चार लाख मात्र |
| २११३५ | कर्मचारी प्रोत्साहन | १५००००. | पन्द्र लाख मात्र |
| २२४१९ | अन्य करार सेवा पालिका अनुदान शिक्षक | १४७१६००० | एक करोड सठ्चालिस लाख स्रोह हजार मात्र |
| 0 | वडाको प्रशासनिक खर्च प्रत्येक वडामा ५ लाख का दरले | ४००००००. | चालिस लाख मात्र |
| २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडामा | १००००००. | दश लाख मात्र |
| ० | ल्यापटप खरिद | २००००००. | विस लाख मात्र |
| ३१११२ | फनिचर खरिद | १००००००. | दश लाख मात्र |
| | जम्मा | ९५२१६०००. | नौ करोड वाउन्न लाख सोह्र हजार मात्र |

अन्त्यमा, यस शुभकालिका गाउँपालिकाको समग्र विकास र समृद्धिको सहयात्रामा सहयोग पुर्याउने सबै राजनितिक दल,राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मि, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण शुभकालिकावासिहरुका साथै बजेट सिलिङ्ग प्रदान गरि बजेट नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्ने नेपाल सरकार,प्रदेश सरकार,स्थानीय सरकार तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ/संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

गोविन्द प्रसाद आचार्य
अध्यक्ष

## निर्णयहरु:

निर्णय नं. १/ यस शुभकालिका गाउँपालिकाको आठौं गाउँ सभा खुल्ला उद्घघाटन समारोहमा यस शुभकालिका गाउँपालिकाको आगामी आ.व.२०७९/०८० को बजेट, निति तथा कार्यक्रम गाउँपालिका उपाध्यक्ष धर्मकला शाही द्वारा प्रस्तुत गर्ने कार्य सम्पन्न भयो ।

निर्णय नं.२/ यस शुभकालिका गाउँपालिकाको आगामी आ.व.२०७९/०८० को बजेट, निति तथा कार्यक्रम कार्यान्वयन गर्ने अख्तियारी प्रदान गर्ने प्रयोजनको लागि सभा अध्यक्ष श्री गोविन्द्र प्रसाद आचार्य मार्फत अख्तियारी प्रदान गर्ने प्रयोजनको लागि खुल्ला आठौं गाउँ सभा उद्घघाटन समारोहमा आर्थिक ऐन,२०७९ र विनियोजन ऐन,२०७९ प्रस्तुतीकरण गर्ने कार्य सम्पन भयो।

निर्णय नं.३

गाउँपालिकाको स्थानिय तह निर्वाचन २०७४ को निर्वाचन पश्चात गठित स्थानिय सरकारले तर्जुमा गरेको नारा "कृषि खानी पर्यटन र पूर्वाधारः समृद्ध शुभकालिकाको आधार" भन्ने नारा प्रतिस्थापन गरी हाल "स्वास्थ्य,शिक्षा,उत्पादन र आपूर्तिः रोजगारी,जिविका,पूर्वाधार र समृद्धि" यस शुभकालिका गाँउपालिकाको मूल नारा कायम गर्ने निर्णय गरियो ।

गोविन्द प्रसाद आचार्य
अध्यक्ष

" स्वास्थ्य, शिक्षा, उत्पादन र आपूर्ति: रोजगारी,जिविका, पूर्वाधार र समृद्धि"

शुभकालिका गाउँपालिका

आठौं गाउँ सभामा प्रस्तुत आगामी आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट,नीति तथा कार्यक्रम

श्रद्धेय सभा अध्यक्ष ज्यू,

कर्णाली प्रदेशका प्रथम मुख्यमन्त्री तथा प्रमुख अतिथि ज्यू,

विशेष अतिथि तथा अन्य अतिथि ज्यूहरु

गाउँसभा सदस्य ज्यूहरु ।

नेपालको संविधान २०७२, संघिय एवं प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई मध्यनजर गर्दै, स्थानीय सरकारले आफ्नो बजेट नीति तथा कार्यक्रम मार्फत विकासको मार्गचित्र निर्माण गर्ने उद्देश्यले आगामी आर्थिक वर्ष २०७९/२०८० को वार्षिक बजेट, नीति तथा कार्यक्रम यस गरिमामय आठौं गाउँ सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु । सर्वप्रथम स्थानीय तह सदस्य निर्वाचन, २०७९ बाट निर्वाचित भई कार्यभार सम्हाल्नु भएका नवनिर्वाचित प्रतिनिधि ज्यूहरुले हाम्रो निमन्त्रणा लाई स्वीकार गरी यस गाउँ सभामा नयाँ सोच, उमंग, हौसलाका साथ उपस्थित भएकोमा सभा सदस्य ज्यूहरुलाई शुभकालिका गाउँ कार्यपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

स्थनीय तह सदस्य निर्वाचन, २०७९ पछि प्रथम पटक शुभकालिका गाउँपालिका स्थानीय सरकारको आ.व. २०७९/२०८० को वार्षिक बजेट नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म नेपालको संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागी नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन जनयुद्ध लगायत प्रदेश स्थापनाको आन्दोलनमा ज्यान गुमाउनु हुने शहिदहरु, बेपत्ता पारिएका व्यक्ती तथा घाइते योद्धाहरुलाई उच्च सम्मान प्रकट गर्दछु ।

बहुदलीय प्रतिस्पर्धात्मक संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात प्रथम पटक स्थानीय तह सदस्य निर्वाचन २०७४ मा निर्वाचित भई पाँच वर्ष कार्यकाल व्यतित गरी सकेका गाउँ सभा अध्यक्ष/उपाध्यक्ष, सदस्य ज्यूहरुको राय, सल्लाह, सुझाव कार्यानुभको अपेक्षा गर्दछु साथै उहाँहरुको राजनितीक जिवन अझ सफल रहोस भन्ने कामना गर्दछु ।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा पेशागत मर्यादा, अनुशासन, आचरणमा रहि कर्तव्य निर्वाह गर्ने विभिन्न दलिय प्रतिनीधि, स्वास्थ्य कर्मी,सुरक्षाकर्मी, कर्मचारी,स्वयमसेवक, सवारी चालक, व्यापारी लगायत हरेक क्षेत्रका दाजु भाई दिदि बहिनीहरु प्रति आभार व्यक्त गर्न चाहान्छु ।

सभा अध्यक्ष महोदय,

नेपालको दुर्गम कर्णाली प्रदेश कालिकोट जिल्ला शुभकालिका गाउँपालिका सदरमुकाम मान्मबाट आठ कोष दक्षिणमा अवस्थित छ । साथै ९७.३२ वर्ग किलोमिटर क्षेत्रफल रहेको यो पालिका एका तर्फ आर्थिक,सामाजिक,मनवीय स्रोत, सडक, विद्युत, स्वास्थ्य, शिक्षाको हिसाबले पछाडी परेको गाउँ पालिका हो । भने अर्को तर्फ यहाँको भौगोलिक विविधता, साँस्कृतिक सम्पदाले भरिपूर्ण छ । यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार २३११ घरधुरी, कुल जनसंख्या १३९०० रहेको छ । यो पालिका कर्णाली राजमार्ग संग आंक्षिकरुफमा जोडिएको भएता पनि यस पालिकाको केन्द्र सम्म सडक संजाल जोड्न नसकिएको कारण स्थानीय स्तरमा उत्पादित सामाग्रीहरु जस्तो कृषी उपज, काष्ठकला सामाग्रीहरु, बस्तुको बजारीकरण हुन सकिरहेको छैन । यस गाउँपालिमा जल,जंगल,खनिज, जडिबुटी,बन्यजन्तु,पशुपालन,अन्नवाली,फलफुल, तरकारी बाली

ठुलो आर्थिक श्रोत हो । यी कुराहरुको संरक्षण र उपयोग एवं विस्तार गर्न सकेमा मात्र यहाँको आर्थिक विकास हुन सक्ने संभावना छ । यहाँका धार्मिक सम्पदाको संरक्षण गरी आन्तरिक एवं बाह्य पर्यटन व्यवशायको विकास गर्न सकिने संभावना देखिन्छ ।आर्थिक,सामाजिक, भौतिक पूर्वाधारको विकास मानव पुँजिको विकास नगरी यहाँ सर्वाङगिण विकासको संभावना देखिदैन ।त्यसैले सामाजिक परिचालन, मानव विकासमा पनि जोड दिनु पर्छ ।यस गाउँपालिकमा ४४ वटा बालविकास केन्द्र, २० वटा आधारभूत विद्यालय, ७ वटा माध्यामिक विद्यालय संचालनमा छन ।

शुभकालिका गाउँपालिकाको दुरदृष्टि- "स्वास्थ्य,शिक्षा,उत्पादन र आपूर्तिः रोजगारी,जिविका,पूर्वाधार र समृद्धि") लाई साकार बनाउन गाउँपालिकाले स्थानीय तह सदस्य निर्वाचन२०७९ पश्चातको प्रथम एवं संघीयता पछिको आठौ पटक नीति तथा कार्यक्रम तय गरेको छ । यस गाउँपालिकाले आर्थिक,शैक्षिक, सामाजिक रुपान्तरण मार्फत समृद्धि हासिल गर्ने संकल्प गरेको छ ।उक्त संकल्पको कार्यान्वयन गर्न स्थानीय श्रोत साधनको उचित उपयोग, पूर्वाधारको गुणस्तर युक्त विकास, योजना तथा कार्यक्रमको चक्रिय प्रभावकारी अनुगमन, सुशासन, सदाचारिता, शून्य सहनसिलता,सार्वजनिक उत्तरदायित्व वृद्धिका औजारको अवलम्वन गर्न जरुरी छ ।सरकारले नीति बनाउनु भनेको नै बजेटलाई सहि मार्ग निर्देश गर्नु हो ।त्यसैले यस गाउँपालिकामा विभिन्न विषय क्षेत्रमा केही ज्ञान प्राप्त भएका स्थानीय सरोकारवालाहरु संगको सुझावलाई समेत मध्यनजर गरि उल्लेखित परिकल्पनालाई सान्दर्भिक बनाउन शुभकालिका गाउँपालिकाले अबलम्वन गरेका नीति तथा कार्यक्रम प्रस्तुत गर्न सभा अध्यक्ष समक्ष अनुमती चाहान्छु ।

## कृषि विकास सम्वन्धी निति

१. गाउँपालिकामा आयात प्रतिस्थापन र निर्यात प्रर्वद्धन गर्न उपयुक्त स्थानको पहिचान गरी कृषिको व्यवसायीकरण कसरी गर्न सकिन्छ सोको अध्ययनको लागी एक कृषि शाखा प्रमुख कर्मचारीको संयोजकत्वमा ३ सदस्यीय पालिका स्तरीय कृषि शोध तथा अन्वेषण समिति गठन गरी सोले पेश गरेका संभाब्यकुक्त राय सुझाव एवं प्रतिवेदन कार्यान्वयन गरिने छ ।
२. शुभकालिका गाउँपालिकालाई ओखर जोन कार्यक्रम संचालन गर्न विभिन्न निकायमा पहल गरिनेछ ।
३. सबै वडाहरुमा माटो परिक्षण गरी उपयुक्त बिउ मल सिफारिस गर्ने र स्थानीय स्तरमा सम्भावनाका आधारमा एक वडा एक उत्पादन पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।
४. कृषक पाठाशाला संचालन गरी कृषकको क्षमता अभिवृद्धि गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ ।
५. रैथाने बालीको संरक्षण गर्ने कार्यक्रम संचालन गरिनेछ ।
६. कृषि उत्पादन बढाउने वडाहरुमा सहकारी क्षेत्रसँग साझेदारी गरी कृषि उपज संकलन केन्द्र संचालन गरिनेछ ।
७. भुमिको वर्गिकरण गरी सरकारी, सार्वजनिक जग्गाहरुको संरक्षण र उपयोग गर्ने भु उपयोग नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

## पशु सेवा सम्वन्धी नीति :

१. युवा उद्यमी प्रोत्सहान कार्यक्रम अन्तरगत गाउँपालिका भित्र ५ वटा भैसी पालन गर्ने र ५० भन्दा माथी भेडा,बाख्रा पालन गर्ने कृषकलाई वार्षिक जनही रु. १५००० प्रोत्सहान प्रदान गरिनेछ ।

२. कृषकहरुलाई पशुपालन सम्वन्धी सिप विकास कार्यक्रम संचालन गरिनेछ ।
३. व्यवसायिक रुपमा कुखुरा पालनको लागी आवश्यक चल्लाको आपुर्ति र व्यवस्थापनका लागी ह्याचरी उद्योग संचालन गरिनेछ ।
४. विरामी पशु उपाचारका लागी विरामी पुर्जा काट्दा लाग्ने राजष्व छुट गरि समुह समिति दर्ताका लागी अन्य सिफारिस को राजष्व दर यथावत राखिनेछ ।

## सहकारी सम्वन्धी नीति :

१. गाउँपालिकामा दर्ता भएका सहकारी संस्थाहरुको प्रर्वद्वन तथा व्यवस्थापन गरी हरेक सहकारी संस्थाहरुलाई राज्यको तीनखम्बे अर्थनीति बमोजिम संचालन गर्न जोड गरिनेछ ।
२. कृषि उत्पादन ,भण्डारण तथा प्रशोधन ,आर्थिक बचत तथा ऋण परिचालन ,स्थानिय श्रोतको परिचालन एवम् गरिबी निवारण सम्बन्धी कार्यक्रममा सहकारीलाई प्रोत्साहीत गरिनेछ ।
३. समूह ,सहकारी संस्थाहरुलाई उद्यमशिलाता विकास,कृषिको व्यवसायिकरण लगायतका रोजगारी सृजनामा परिचालन गर्न जोड दिइनेछ / सहकारी क्षेत्रको नेतृत्वमा कृषि उत्पादन प्रशोधन तथा बजारीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
४. गाउँपालिकाभित्र रहेका सहकारीको मूल्यांकनका आधारमा उत्कृष्ट कार्य गर्ने सहकारी संस्थालई सम्मान तथा पुरस्कार भौतिक पूर्वाधारको को व्यवस्था को लागि सरोकार निकाय संग माग गरिनेछ ।

## उद्यम श्रम तथा रोजगार सम्बन्धी नीति

१. लघु उद्यम विकास कार्यक्रम मार्फत सिपमुलक तालिम सञ्चालन एवम् प्रविधि हस्तान्तरण गरी रोजगार सृजना गर्न आवश्यक पहल गरिनेछ ।
२. स्थानिय श्रम सिप र प्रविधिबाट सञ्चालित घरेलु तथा साना उद्योगको संरक्षणको व्यवस्था मिलाईनेछ ।
३. स्थानिय कृषिजन्य उत्पादन ,तरकारी तथा फलफुल एवम् माछा मासुको प्रशोधन सम्बन्धी उद्योगलाई प्रोत्साहन गरिनेछ ।
४. गाउँपालिकामा सिपमुलक तालिम संचालन तथा उद्धम स्थापनाका लागी आवश्यक पहल तथा गरिवि निवारणका लागी लघुउधम विकास कार्यक्रमलाइ प्रभावकारी रुपमा संचालन गरिने छ ।

## युवा तथा खेलकुद सम्बन्धी नीति

१. गाउँपालिका खेलकुद विकास समिति गठन गरी खेलकुद विकासको रणनीति तयार गरिनेछ ।
२. प्रदेश र केन्द्र सरकारसँग समन्वय गरी एक सुविधायुक्त पालिकास्तरीय रंगशाला र प्रत्येक वडामा खेल मैदान निर्माण गरिनेछ ।
३. सामुदायिक सिकाई केन्द्रलाई सामुदायिक मनोरञ्जन स्थल र चेतना प्रवाह केन्द्रको रुपमा समेत विकास गरिनेछ ।
४. बेरोजागार युवाहरुको तथ्यांक संकलन गरी स्वरोजगारमूलक व्यवसायिक तालिमको व्यवस्था गरिनेछ ।

५. पालिका स्तरीयमा यूवाहरुलाई खेलकूद [illegible] प्रोत्साहित गर्न [illegible] रनिङ शिल्ड प्रतियोगिता अन्तरपालिका र जिल्ला बाहिर संचालित खेलकूद प्रतियोगितामा खेलाडीहरुलाई सहभागि हुन सहयोग गरिनेछ ।

## खानेपानी तथा सरसफाई सम्वन्धी नीति :

१. स्वच्छ खानेपानीको पहुँच प्रत्येक नागरिक सम्म पुर्याउन एक घर एक धारा अभियान लाइ निरन्तरता दिन विभिन्न सरोकारवाल सम्वद्ध निकाय संग समन्वय,साक्षेदारी/सहकार्य गरिनेछ ।

२. पालिका, वडा स्तरमा खानेपानि तथा सरसफाई सम्बन्धि स्वच्छता तथा समन्वय समिति गठन गरि संस्थागत विकास द्धारा स्वच्छ खानेपानी सम्बन्धि सेवाको प्रत्याभूत गरिनेछ ।

३. पानीजन्य विभिन्न क्रियाकलाप संचालन गर्न अध्ययन सहित जलउपयोग गुरुयोजना अध्यावधिक गरि वाटर एक्टिभिटि संचालनार्थ सरकारी तथा गैर सरकारी संघ/संस्था साथै सरोकारवाल निकाय संग आवश्यक समन्वय र साक्षेदारी गरिनेछ ।

४. गाउँपालिकाको डिजिटल बेसमा आधारित खानेपानी तथा सरसफाई रणनिती योजना निर्माणका लागी सरोकारवाला निकाय संग आवश्यक समन्वय गरी रणनिती योजना तयार गरिनेछ ।

## धर्म संस्कृति पर्यटन

१. गाउँपालिकाभित्र पर्यटनका सम्भावन पहिचान गरी पर्यटक आकर्षण गर्ने मैलिक सस्कृतिको विकास र प्रवर्द्धन गरी पर्यटन पूर्वाधारको विकास गरिनेछ ।

२. गाउँपालिकाभित्र रहेका ऐतिहासिक ,पुरातात्वीक एवं सांस्कृतिक महत्वका सम्पदाहरुको पहिचान एवं संरक्षण र सम्वर्धन गर्न जोड दिइनेछ ।

## लैगिंक समानता तथा समावेशिकरण

१. लैंगिक समानताको एक आयामको रुपमा रहेको महिला शारिरीक मानसिक रुपमा स्वस्थ हुनु पर्ने र तत् पश्चात अर्थमूलक विकास साझेदार हुने विश्व मूल्यमान्यता अनुसार स्वस्थ नारीः हाम्रो साझा फुलबारी भन्ने नाराकाका साथ महिला स्वास्थ्य परिक्षणको लागि पायक पर्ने स्थानमा संघीय,प्रादेशिक सरकार संघ संस्था संगको साझेदारीमा अर्धवार्षिकी स्वास्थ्य शिवीर संचालन गरिनेछ साथै कठिन रोगीलाई जिल्ला बाहिर लिनु पर्दा अवस्थाका आधारमा उपचारमा सहयोग एवं समन्वय गरिनेछ ।

२. गाउँपालिकामा लैंगिक समानता र सामाजिक समावेशिकरण , सामाजिक न्याय कायम गर्न, लक्षित वर्ग (दलित,विपन्न,किशोरी,एकल महिला,जेष्ठ नागरिक,अपांग) लाई दृष्टिगत गरि जनता संग उपाध्यक्ष कार्यक्रम संचालन गर्न सकिने छ।

३. लैंगिक हिंसा र घरेल हिंसाको अन्त्य गर्दै महिला अधिकार र बालबालिकाको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धताको आधारमा महिला र बालबालिकाको संरक्षण ,बचाउ ,विकास र सहभागितामा जोड दिने नीति लिइनेछ ।

४. लक्षित वर्गका कार्यक्रमलाई प्रभावकारी बनाउन विकास समितिलाई क्रियाशिल तथा जवाफेहि बनाइनेछ

५. महिला आयआर्जनमा अभिवृद्धि गर्न उद्यमशिल तथा सिपमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. दलित ,विपन्न समुदाय तथा अपाङ्गहरुका लागि सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

७. बालश्रम ,बालविवाह ,छाउपडि प्रथा जातिय भेदभाव तथा छुवाछुत उन्मुलनका लागि जनचेतना जगाउदै कडा नीति अवलम्वन गरीनेछ ।

८. जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

## पूर्वाधार सम्बन्धी नीति

१. गाउँपालिकाको व्यवस्थित एवम् दिगो विकासका लागि गाउँपालिका विकास गूरुयोजना (Master Plan) तर्जुमा गरी विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

२. गाउँपालिका स्तरीय गौरवका आयोजनाहरुको पहिचान र प्राथमिकीकरण गरी आयोजना कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३. योजनाहरुको लागत अनुमान ,मूल्यांकन ,नापि ,कार्यसम्पन्न प्रतिवेदन सबैले बुझ्ने गरी नेपाली तथा अंग्रेजी भाषामा लागु गरिनेछ ।

४. वेउलि पान्तडि रोडलाई कर्णाली राजमार्ग सेरि पान्तडी सडकको सेरिघाट मा जोड्ने कामलाई विशेष प्राथमिकता दिइ सदरमुकाम आवात जावतलाई सरल बनाइनेछ ।

५. आयोजनाको दिगोपना ,प्रभावकारीता कायम गर्न मागमा आधारित सहभागितामूलक योजना छनौट तथा कार्यान्वयन प्रणालीको अवलम्बन गरिनेछ ।

६. आफ्नो स्वामित्वमा जग्गा भएका वडापालिकाहरुको भौतिक संरचना निर्माण गरिनेछ ।

७. छाति छेलोहान्ना, सुकाटिया घट्टेगाड सडक निर्माण कार्यलाई प्राथमिकता दिई सडक संचालन गरिनेछ ।

८. गाउँपालिकामा सरकारी तथा सामुदायिक भवन निर्माणका लागी प्रदेश, संघ र सरोकारवाला निकाय सँग समन्वय गरी निर्माणका लागी आवश्यक पहल गरिनेछ ।

९. ट्रयाक खोलिएका सडकहरुको नियमित सञ्चालन तथा मर्मत सम्भार गरि नियमित सडक सञ्चालन गरिनेछ ।

१०. सरकारी तथा निजी भवनहरु भुकम्पिय जोखिमबाट सुरक्षीत बनाउने नीति अवलम्बन गरीनुका साथै सरकारी भवनहरु अपाङ्गमैत्री बालमैत्री तथा जेष्ठ नागरीक मैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

११. सबै वडाहरुलाई गाउँपालिकाको केन्द्रसम्म जोड्नेगरी सडक निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ ।

१२. सडक निर्माण गर्दा बायोइन्जिनियरिङ्ग तथा वातावरणमैत्री हुने गरी बनाइनेछ ।

१३. गाउँपालिकाको एकिकृत प्रशासकिय भवन निर्माण गर्न डिपिआर गरि निर्माण प्रक्रिया अगाडी बढाईनेछ ।

१४. गुणस्तरीय र समयमा काम सम्पन्न गर्ने उपभोक्ता समितिलाई प्रोत्साहन गरिनेछ ।

१५. विकास निर्माणको क्रममा उत्खनन् भएको जमिनमा वृक्षारोपण गरी भुक्षय नियन्त्रण गरिनेछ ।

१६. दर्ता भएका ५९६६ बेरोजगार व्यक्तिहरुलाई विभिन्न रोजगार मार्फत कम्तीमा १०० दिनको रोजगारी प्रदान गरिनेछ र ज्याला भुक्तानी प्रत्येक कामदारको व्यक्तिगत खातामा गरिनेछ ।

१७. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत बढि भन्दा बढी लक्षित वर्गलाई प्राथमिकतामा राखी उक्त ज्याल मजदुरीको रकम सही सदुपयोग गर्न चेतनमूलक कार्यक्रम संचालन गरिनेछ ।

१८. आगामी आ.व.२०७९/०८० मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) पाईलट परियोजना कार्यान्वयन हुने भएकाले यस परियोजनाको लागि सह लगानीको प्रबन्ध गरि आवश्यक कार्य गरिने छ ।



गोविन्द प्रसाद आचार्य
अध्यक्ष

१९. यस स्थानीय तहमा रहेका स्थानीय पूर्वाधारको दिगो संचालन हेतुले पालिका स्तरीय स्थानीय पूर्वाधार मर्मत संभार सहयोग कोष स्थापनाका लागी एकमुष्ट रु. ५८७१५५०/- अन्ठाउन्न लाख एकहत्तर हजार पाँच सय पचास मात्र विनियोजन गर्ने र कोष संचालनका निम्ती आर्थिक वर्ष २०७९/०८० को प्रथम चौमासिक भित्र कार्यविधि तयार गरिनेछ । (वित्तिय समानिकरण कोषको कम्तीमा ५ प्रतिशत )

२०. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कर्णाली पाइलटद्वारा क्षमता अभिवृद्धि तथा प्रणाली सुधारका निम्ती प्राप्त हुने प्राविधिक तथा आर्थिक श्रोत स्वीकार गर्ने र पाइलटको सहयोगमा स्थानीय पूर्वाधार विकासलाई प्रभावकारी एवं जलवायु उत्थानशिल बनाउन आवश्यक पर्ने विभिन्न कानुनी, नीतिगत र प्रकृयागत कुराहरुमा आवश्यक थप घट संशोधन/सुधार क्रमश गरिनेछ ।

२१. आगामी आर्थिक वर्ष २०७९/०८० मा स्थानीय पुर्वाधार सहयोग कार्यक्र

२२. आगामी आर्थिक वर्ष २०७९/०८० मा स्थानीय पुर्वाधार सहयोग कार्यक्रम कर्णाली पाइलट सँग संयुक्त रुपमा स्थानीय पूर्वाधार विकासका विभिन्नन तरिका साधन र विधि प्रयोग गर्ने तथा स्थानीय पूर्वाधार विकास क्रियाकलापको अनुगमन मूल्याङ्कन तथा सिकाई गरिनेछ ।

२३. आगामी आर्थिक वर्ष २०७९/०८० मा स्थानीय तहमा रहेका बेरोजगारहरुको बहुआयमिक सूचक बनाई पहिचान एवं सुचिकृत गर्नुका साथै उनीहरुलाई स्थानीय पूर्वाधार विकासका क्षेत्रको माध्यमबाट रोजगार प्रदान गरिनेछ ।

२४. आगामी आर्थिक वर्ष २०७९/०८० मा स्थानीय तहमा रहेका बेरोजगारहरुको बहुआयमिक सूचक बनाई पहिचान एवं सुचिकृत गर्नुका साथै उनीहरुलाई स्थानीय पुर्वाधार विकासका क्षेत्रको माध्यमबाट रोजगार प्रदान गरिनेछ ।

## उर्जा सम्बन्धी नीति

१. सबै वडामा विधुतको पहुँच पर्याउन राष्ट्रिय प्रशारण लाईन विस्तारका लागी नेपाल विधुत प्राधिकरण सँग समन्वय गरि विधुत सेवा विस्तारका लागी आवश्यक पहल गरिनेछ ।

२. गाउँपालिकामा रहेको लघु जलविधुतहरुको स्तरउन्नती गरी विधुतको पहुँच पूर्याउन उज्यालो अभियान संचालन गरिनेछ ।

३. गाउँपालिकामा वैकल्पिक उर्जा प्रवर्धन कार्यक्रम संचालनका लागी आवश्यक पहल गरिनेछ ।

४. सार्वाजनिक महत्वका विद्यालय ,स्वास्थ्य चौकी मन्दीर लगायतका जात्रा मेला लाग्ने स्थानहरुमा विधुतको पहुच तथा सौर्य वत्ती जडान गरिनेछ ।

## सूचना तथा संचार सम्बन्धी नीति

१. संचारलाई प्रभावकारी वनाउन बाजथला र घुमथलामा रहेका टावरका क्षमता बढाई 4G सेवा संचालन र टेलीफोलन सुचारु गर्न मुग्राहमा नया टावर जडानका लागी आवश्यक समन्वय गरिनेछ ।

२. शैक्षिक संस्था तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सेवा सुधार गरिनेछ ।

३. गाउँपालिकामा रहेको FMको संस्थागत सुदृढिकरण गरी चेतना अभिवृद्धि,सामाजिक रुढिबादी,कुरितिको अन्त्य गर्न विभिन्न चेतनामूक कार्यक्रमको उत्पादन तथा प्रसारण गर्न प्रोत्साहित गरिनेछ ।साथै पालिकाबाट प्रवाह हुने सेवाको बारेमा पनि जानकारी गराइने छ ।

गोविन्द प्रसाद आचार्य
अध्यक्ष

४. FM रेडियो लाइ आत्मनिर्भर,स्वतन्त्र र स्वावलम्वि बनाउन व्यवसायीकरण तर्फ उन्मुख बनाउन आवश्यक गृहकार्य गरिनेछ ।

५. गाउँपालिकामा रहेको रेडियोलाई छिमेकी पालिका सँगको साझेदारिमा ५०० वाट क्षमतामा स्तर वृद्धि गरिनेछ ।

६. गाउँपालिकामा रहेको रेडियोलाई पुर्णतः गाउँपालिकाको स्वामित्वमा संचालन गर्नका लागी आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।

## वन तथा भू संरक्षण सम्बन्धी नीति

१. पालिकालाई ग्रिन जोन घोषणा गर्ने परिकल्पना अनुसार पालिकाका सबै वडाहरुका उपयुक्त स्थानमा १/१ वटा वन तथा कृषिमा आधारित नर्सरी स्थापना गरी वृक्षारोपण कार्यलाई अगाडि बढाइने छ ।

२. गाउँपालिका क्षेत्रमा रहेका निजी तथा सामुदायिक वन, खाली बाझो जग्गामा अनुकुल हुनेगरी फलफुल लगायत अन्य विरुवा रोपणमा जोड दिइनेछ ।

३. गाउँपालिका भित्र जडिबुटी तथा औषधिजन्य विरुवा लगाउन प्रोत्साहन गरिनेछ ।

४. हरियाली बचाइराख्न सामुदायिक वन विकासका लागि प्रोत्साहन गरिनेछ ।

५. वनमा हुने आगलागी रोक्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. दुर्लभ वन्यजन्तु रेड पाण्डा संरक्षणका लागि सहयोगी संस्थालाई सहयोग गरिनेछ । बाघ,घोरल,रतुवा, कालिज चोरी सिकारि नियन्त्रण गरि संरक्षणमा विशेष ध्यान दिईनेछ ।

७. गाउँपालिका रहेका जडिवुटि संरक्षण तथा प्रवधनका लागि विशेष ध्यान दिइनेछ ।

८. हरियो बनःनेपालको धन भन्ने नेपालि नारामा मात्र सिमित नराखी सामूदायिक वन समितिको गठन तथा तिनीहरुको काम,कर्तव्य र अधिकारका विषयमा अन्य सरोकार निकाय संग समन्वय गरी आवश्यक व्यवस्थापन गरिनेछ ।

९. गाउँपालिकामा रहेका काईनाइट,स्लेट लगायतका खानीहरुको व्यवस्थापन तथा संरक्षणका लागि अबलम्वन गर्नु कार्यप्रक्रिया बारेमा सम्बन्धित मन्त्रालय संग समन्वय गरि आवश्यक रित पुर्याई कार्य गरिनेछ ।

## संस्थागत विकास शुसासन तथा सेवा प्रवाह सम्बन्धी नीति

१. गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त र सरल रुपमा अगाडी बढाईनेछ ।

२. भ्रष्टचार विरुद्ध शुन्य शहनशिलात को नीतिलाई जोड दिईनेछ ।

३. योजना कार्यान्वयन तहमा पारदर्शिता कायम गर्न ठेक्का पट्टामा विद्युतिय प्रणाली प्रयोगमा जोड दिनुका साथै आयोजना सूचना पाटीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४. गाउँपालिकाको संस्थागत विकास गर्न पदाधिकारी तथा कर्मचारीहरुलाई तालिम ,गोष्ठि ,अध्ययन अवलोकन भ्रमण तथा नेतृत्व क्षमता विकास तालिम दिने व्यवस्था मिलाईनेछ ।

५. गाउँपालिकाबाट सञ्चालित गतिविधिको सन्दर्भमा वार्षिक बुलेटिन प्रकाशन गरिनेछ ।

६. गाउँपालिकाले योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्ययोजना वनाई कार्यान्वयन गरिनेछ ।



गोविन्द प्रसाद आचार्य

७. अनुगमन तथा मूल्याङ्कन, प्रणालीलाई नियमित ,भरपर्दो र नतिजामूलक बनाई विकास योजना तथा कार्यक्रमलाई थप गुणस्तरीय एवं प्रभावकारी बनाईनेछ ।

८. कार्य पद्धतिलाई व्यवस्थित र खर्च प्रणालिलाई पारदर्शी बनाई समग्र कार्यसम्पादन स्तरमा सुधार गर्दै वित्तिय सुशासन प्रवर्द्धन गरिनेछ ।

९. न्यायिक समितिको कार्यसम्पादनलाई नागरिकले न्यायको अनुभूति गर्न पाउने गरी थप प्रभावकारी बनाउन इजलास निर्माण गरिनेछ । न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि तालिमको प्रबन्ध गरिनेछ ।

१०. न्यायीक सम्पादन कार्यलाई प्रभावकारी बनाई जनविश्वास सिर्जना गर्न पालिका स्तरमा गठित न्यायिक समिति व्यवस्थापन वापत आवश्यक श्रोतको प्रवन्ध गरिनेछ ।

११. गाउँपालिकाबाट प्रवाह गरिने सेवा तथा सुविधा हरुको गुनासो सुनुवाईका लागी गाउँपालिकामा टोल फ्री नम्वर राखिनेछ ।

## राजश्व सम्बन्धी नीति

१. गाउँपालिकाको राजश्व सुदृढिकरण तथा परिचालनलाई भरपर्दो बनाउनको लागि विस्तृत अध्ययन गरी राजश्व परिचालन समिति गठन गरिनेछ ।

२. गाउँपालिका भित्र सञ्चालित व्यापार व्यवसायलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता अभियान सञ्चालन गरिनेछ ।

३. कर तिर्ने सोच तथा बानी विकासका लागि करदाता शिक्षा अभियान सञ्चालन गरिनेछ ।

४. गाउँपालिकामा आपतकालिन हित कोष स्थापना गरि सो कोषमा गाउँपालिकामा संचालन हुने सरकारी तथा गैर सरकारी निकायका सबै वैठक भत्ताको १० प्रतिशत रकम अनिवार्य रुपमा जम्मा गरिनेछ ।

## शिक्षा सम्वन्धि नीतिः

१. गाउँपालिकामा आवासिय विद्यालय स्थापना तथा संचालनका लागि आवश्यक पहल गरिने छ ।

२. शुभकालिका गाउँपालिकाको वडा नं. ४ स्थित महादेव मा.वि.राराकाटियामा संचालनरत कृषि प्राविधिक शिक्षालयको शैक्षिक गुणंस्तर सुधार गर्न अन्य सहयोगी संघ/संस्था संग आवश्यक समन्वय गरिने छ ।

३. विद्यालय भर्ना प्रतिशतलाई वढाइने छ र कक्षा छोडने प्रतिशतलाई निरुत्साहित गर्न शिक्षकहरुलाई वैक्तिक मामिला अध्ययनमा प्रोत्साहित गरिनेछ र सिफारिसको कार्यान्वयनको लागि योजना एवं कार्यक्रम तर्जुमा गरिनेछ

४. आधारभूत तहको प्रत्येक कक्षामा विद्यार्थिको प्रोफाईल बनाई सिकाई प्रगति तथा क्रियाकलापको अभिलेख र बार्षिक अन्तिम परिक्षाको परिणाम समेतलाई एकिकृत गरी ग्रेड निर्धारण गरिनेछ ।

५. विद्यालयको शैक्षिक बातावरण स्वच्छ, सफा,शान्त, सुरक्षित र हरियाली प्रदुषितमूक्त राख्न समन्वय र सहकार्य गर्ने र शिक्षक,अभिभावक र विद्यार्थिहरु विचको त्रिकोणात्मक सम्बन्धलाई प्रवर्द्धन गर्दै शिक्षण संस्थाहरुलाई वातावरण मैत्री हरित संस्थाको रुपमा विकास गरिनेछ ।

६. सार्वजनिक विद्यालयमा अनुदान वितरणको मापदण्डको रुपमा सामाजिक परिक्षणलाई अनिवार्य लागु गरिनेछ ।



गोविन्द प्रसाद आचार्य
अध्यक्ष

... सेवा संस्था संगको समन्वयमा शिक्षक विद्यार्थीका लागि विपद् व्यवस्थापन, वातावरण संरक्षण, स्वास्थ्य तथा सरसफाई,पोषण सम्बन्धि आधारभूत ज्ञान,पूर्वतयारी र प्रतिकार्य सम्बन्धि ब्यवहारिक तालिम तथा अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ ।

८. सार्वजनिक र संस्थागत विद्यालय व्यवस्थापन समिति विच अनुभव साटासाट एवं अन्तक्रिया कार्यक्रम संचालन गरि राम्रा पक्षको अनुसरण गर्न उचित समन्वय गरिनेछ ।

९. आधारभूत तथा माध्यामिकतहको वार्षिक परिक्षामा पालिकाभित्रका सबै भन्दा बढी प्रतिशत उत्तिर्ण गराउने तत् तत् तहका विद्यालयका २ जना विद्यार्थिहरुलाई पुरस्कृत गरिनेछ सोहीलाई आधार बनाई उक्त विद्यालयहरुमा अन्य शैक्षिक क्रियाकलाप गर्न/गराउन प्रोसाहित गरिनेछ ।

१०. सार्वजनिक विद्यालयमा प्रविधि मैत्री शिक्षा कार्यक्रमलाई निरन्तरता दिन थप पहल र समन्वय गरी प्रवर्द्धन गरिनेछ ।

११. विद्यालय प्रशासन प्रभावकारी, चुस्त,दुरुस्त राखी शैक्षिक गतिविधि प्रभावकारी बनाउन प्र.अ. संग सामयिक समिक्षा वैठक बस्ने प्रबन्ध गरिनेछ ।

१२. गाउँपालिका भित्रका अपांगता भएका बालबालिकाहरुलाई आधारभूत आवासिय स्रोत विद्यालय बनाउने । अपांगता भएका, दलित,विपन्न जनजाती र कठिन परिस्थितिबाट आएका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन र तिनीहरुलाई टिकाई राख्न विशेष समावेशी कार्यक्रम लागु गरिनेछ ।

१३. विद्यालय तथा वालबिकास केन्द्रहरुलाई वालमैत्री,छात्रामैत्री,अपांगमैत्री तथा सुरक्षित,हिंसारहित र भयरहित केन्द्रको रुपमा विकास गरिनेछ । जोखिममा रहेका वालवालिकाहरुका लागि शिक्षा,स्वास्थ्य तथा आयआर्जनमा सहयोग प्रदान गरिनेछ ।

१४. बहुआयामिक गरिवी क्षेत्र भित्र परेका,गरिव परिचयपत्र प्राप्त गरेका,बहिष्करणमा परी बहुपक्षिय परि आर्थिकरुपमा पछाडी परेका दलित,लोपोन्मुख,अल्पसंख्यक,सिमान्तकृत,अपांगता भएका साथै अवसरबाट बञ्चित भएकाका लागि आवासिय सुविधा सहितको प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकासको अवसर प्रदान गरिने छ ।

१५. विद्यार्थि,शिक्षक,अभिभावक र स्थानिय निकाय, समुदाय तथा संघसस्थाहरु परिचालन गरि विद्यालय घेरबार,खेलमैदान,विद्यालय जाने आउने बाटो र विद्यालयको आन्तरिक तथा बाह्य वातावरण सुधार गरी बालमैत्री,लैगिंकमैत्री एवम् अपांगमैत्री बनाइने छ ।

## स्वास्थ्य सम्वन्धि नीति :

१. यस पालिकाका स्थायी निवासीको आर्थिक पहिचान गरि निःशुल्क स्वास्थ्य विमा कार्यक्रम लागु गरिनेछ ।

२. कडा रोग भनिने जस्तो- मुटु रोग, क्यान्सर,मृगौला रोगी,नर्मल डेलिभरी हुन नसक्ने गर्भवती महिला, कामको सिलसिलामा भिर,पाखा,रुखबाट खसी घाईते भएका, हिंस्रक जंगली जनावरको आक्रमणमा परी घाईते भएका, लाई डक्टरको रिफर अनुसार जिल्ला बाहिर उपचारको लागि लिन पर्दा सहयोग गरिनेछ ।

३. गाउँपालिकामा हुन सक्ने महामारी तथा विपद् व्यवस्थापनका लागि आकस्मिक योजना, उद्धार तथा राहत कोष स्थापना गरिने छ ।साथै चौविसै घण्टा स्वास्थ्य सेवा प्राप्त गर्ने कार्यको लागि आवश्यक प्रबन्ध गरिनेछ ।

४. गाउँपालिकामा संचालित आधारभूत स्वास्थ्य केन्द्र,सामूदायिक स्वास्थ्य ईकाइ र स्वास्थ्य चौकीमा आवश्यक औषधि,उपकरण र तहगत दक्ष जनशक्तिको व्यवस्थापन गरी सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउन आवश्यक प्रबन्ध गरिनेछ ।

५. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन विभिन्न सरकारी तथा गैरसरकारी निकाय संग समन्वय गरी स्रोत संकलन तथा व्यवस्थापन गर्न आवश्यक पहल एवं समन्वय गरिनेछ ।

६. अशक्त विरामीलाई जिल्ला एवं जिल्ला बाहिर उपचारको सेवा दिन एम्बुलेन्स खरिद गरिनेछ ।

७. गाउँपालिकाको वडा नं.४ को राराकाटियामा ५ शैयाको अस्पताल निर्माणका लागी प्रदेश सरकार र संघिय सरकारमा आवश्यक पहल तथा माग गरिनेछ ।

## विपद व्यवस्थपन सम्वन्धि नीतिः

१. विपद् पश्चातका गरिने खोज,उद्धार,राहत भन्दा पनि विपद् नै सृजना हुन नदिन विपद् पूर्व न्यूनीकरण सम्बन्धि अपनाउने उपाय अबलम्वन गर्ने छौ ।मानव सृजित विपद भन्नले जस्तोः आगलागी , बनडढेलो

२. नव निर्वाचित प्रतिनिधिको पदवहाली पश्चात स्थानिय विपद व्यवस्थापन समिति पुनर्गठन गरि विगतबाट संचालनमा रहेको विपद् व्यवस्थापन कोष संचालनलाई निरन्तरता दिइनेछ।

३. आगामी आर्थिक वर्ष २०७९/०८० मा विपद सम्बन्धि योजनावद्ध एवं सामयिकरुपमा काम गर्न आवश्यक भएकाले पालिका भित्रका असुरक्षित,जोखिम र संकटासन्न अवस्थाको नक्सांकन एवं विश्लेषण गरि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरि सोको कार्यान्वयन गरिनेछ ।

४. विपद् सम्बन्धि कार्य विभिन्न परियोजना,संघ/संस्थाहरु संग समन्वय र साक्षेदारी गरिनेछ ।

५. मनसुनजन्य विपद प्रभावित निजि आवासको पुन निर्माण,प्रवलीकरण र पुनस्थापना सम्बन्धि कार्यको लागि सफ्टवयर प्रयोग गरि श्रोत व्यवस्थापन गरिनेछ ।

६. स्वास्थ्य, शिक्षा, कृषि\पशु सेवा, पूर्वाधार, खानेपानी तथा सरसफाई, विपद् ,जलबायू परिवर्तन जस्ता विषयहरुमा साक्षेदारीको लागी आउने संघ,प्रदेश सरकार ,गैर सरकारी संघ सस्था,निजी क्षेत्रलाई औचित्य र आवश्यकताको आधारमा विना रोकटोक ढोका खुला गरिनेछ ।

## पोषण सम्वन्धि नीति :

१. बहुक्षेत्रिय पोषण कार्यक्रम लाई प्रभावकारी रुपमा कार्यान्वयन गरी पोषण कर्नर, कुपोषित बालबालिकालाई पौष्टिक आहार वितरण,नियमित स्वास्थ्य जाँच तथा लिटो वितरण वडा स्तरमा नै गरिनेछ ।

२. कुपोषित हुने दरलाई घटाउन स्वास्थ्य संस्था संग जोडेर हरेक बार खाना चार भन्ने नाराका साथ पोषण सम्बन्धि तालिम प्रदान गरिने छ ।

३. गाउँपालिकामा लागु भईरहेको बहुक्षेत्रीय पोषण कार्यक्रम, पोषणमैत्री गाउँपालिका र सोही प्रकृतीको काम गर्न सरकार तथा गैर सरकारी निकाय लाई काम गर्न प्रोत्साहित गर्ने र एकिकृत रुपमा कार्यक्रम संचालन आवश्यक कार्य गरिनेछ ।

४. सामाजिक सुरक्षा भत्ता वितरण कार्य वैकिङ प्रणाली मार्फत गर्नु भनेको वित्तीय सुशासनको राम्रो पक्ष हो तर भौगोलिक विकटताका कारण यस पालिकाका वडा नं.१,२,३,७,८ का लाभग्राहीहरुलाई पालिका केन्द्रको

बैंक बाट भत्ता प्राप्ती गर्न सास्ती खेपी रहेकाले सोही बैंक तथा अन्य बैंक संग सरलताको लागि समन्वय एव अनुरोध गरिनेछ ।

५. घटना दर्ता जन्म, मृत्यु, बसाईसराइ, विवाह र सम्बन्ध विच्छेद दर्ता जस्ता कार्यलाई अनलाइन प्रक्रियामा प्रभावकारी बनाउन जोड दिइनेछ साथै नेपाल सरकारको सन् २०२४ सम्म शत प्रतिशत घटना दर्ता गर्ने लक्ष्य पुरा गर्न वर्षमा २ पटक शिविर संचालन सो कार्यलाई प्रचार,प्रसार एवं जनमूखी बनाईनेछ ।

६. अध्यक्ष संग यूवा स्वरोजगार कार्यक्रम आगामी २०७९/०८० देखि संचालन गरिनेछ ।

७. **Green Resilient inclusive development(GRID) Frame work and action plan** निर्माणमा सरकारी तथा गैर सरकारी संघ संस्था संग समन्वय गर्ने ।

८. आगामी आर्थिक वर्ष २०७९/०८० का लागी जलवायु उत्थानशिल, श्रममा आधारित र उत्पानशिल स्थानीय पूर्वाधार योजना (श्रममा आधारित, हरित पूर्नलाभ, नतिजामुखि, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थपापन एवं जोखिम न्यूनिकरण, उत्पादनशिल, आवश्यकतामा आधारित, आर्थिक-सामाजिक रुपले सिमान्तकृत वर्ग सहित समुदायको ठुलो हिस्सा लाभान्वित हुने) शिर्षकमा योजनाहरुलाई छनौट गरिनेछ ।

## धर्म संस्कृति पर्यटन

१. गाउँपालिकाभित्र पर्यटनका सम्भावन पहिचान गरी पर्यटक आकर्षण गर्ने मैलिक संस्कितको विकास र प्रवर्द्धन गरी पर्यटन पूर्वाधारको विकास गर्ने ।

२. गाउँपालिकाभित्र रहेका ऐतिहासिक ,पुरातात्वीक एवं सांस्कृतिक महत्वका सम्पदाहरुको पहिचान एवं संरक्षण र सम्वर्धन गर्न जोड दिइनेछ ।

३. गाउँपालिकामा रहेका ऐतिहासिक धर्म संस्कृति को संरक्षण र सम्वर्द्धन गर्न शुभकालिका कलागृह निर्माण गरिनेछ ।

३. पालिका भित्र संचालन हुने धार्मिक मेलालाई प्रचार प्रसार गरी मेला व्यवस्थापनलाई जोड आन्तरिक पर्यटनको पर्वर्द्धन गरिनेछ ।

४. धार्मिक धाममा हुने रात्रिकालिन जात्रालाई व्यवस्थित तुल्याउन विधुत तथा सौर्य बत्तिको व्यवस्था गरिनेछ ।

## लैंगिक समानता तथा समावेशिक

१. लैंगिक हिंसा र घरेल हिंसाको अन्त्य गर्दै महिला अधिकार र बालबालिकाको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धताको आधारमा महिला र बालबालिकाको संरक्षण ,बचाउ ,विकास र सहभागितामा जोड दिने नीति लिइनेछ ।

२. सार्वजनिक सेवा प्रवाह ,विकास निर्माण ,सेवा सुविधा लगायतका सबै क्षेत्रमा लक्षीत वर्गको सम्मानजनक उपस्थिती गराउने नीति लिइनेछ ।

३. लक्षित वर्गका कार्यक्रमलाई प्रभावकारी बनाउन विकास समितिलाई क्रियाशिल तथा जवाफेहि बनाइनेछ

४. महिलाको आयआर्जनमा अभिवृद्धि गर्न उद्यमशिल तथा सिपमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. दलित ,विपन्न समुदाय तथा अपांङ्गहरुका लागि सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

गोविन्द प्रसाद आचार्य
अध्यक्ष

६. बालश्रम ,बालविवाह ,छाउपडि प्रथा जातिय भेदभाव तथा छुवाछुत उन्मुलनका लागि जनचेतना जगाउदै कडा नीति अवलम्वन गरीनेछ ।

७. जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

सभाअध्यक्ष महोदय

## आगामी आ.व.२०७९/०८०का लागि बजेट तर्जुमा गर्दा लिएका आधारहरु:

१. नेपालको संविधान(२०७२)

२. अर्थमन्त्रालय,संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,अर्थ मन्त्रालयले समय-समयमा जारी गरेका परिपत्र,दिग्दर्शन,निर्देशिका

३. कर्णाली प्रदेश सरकारले समय-समयमा जारी गरेका परिपत्र,दिग्दर्शन,निर्देशिका

४. स्थानीय सरकार संचालन ऐन,२०७४

५. दिगो विकासका लक्ष्यहरु

६. आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन,२०७७

७. राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन

८. स्रोत अनुमान तथा बजेट निर्धारण समितिको निर्णय,टोल,वस्तीबाट प्राथमिकीकरण भई छनौट भएका योजना ,बजेट तथा कार्यक्रम तर्जुमा समिति एवं राजश्व परामर्श समितिको निर्णय ,सुझावहरु

९. राजनितीक दलका नेता,कार्यकर्ता,विषयगत अगुवा व्यक्ति,विषय विज्ञबाट प्राप्त सुझाव सल्लाहा राजनितीक व्यवस्था परिवर्तनका जनआन्दोलन ,जनयुद्धका परिमाणहरु

१०.धार्मिक,साँस्कृतिक मूल्य,मान्यता ,प्रथा एवं परम्पराहरु

११.पालिकाको विकास आवधिक योजना,जल उपयोग गुरुयोजना सम्बद्ध ऐन,कानून एवं कार्यविधिहरु

सभाअध्यक्ष ज्यू,

उल्लेखित उद्देश्य परिपूर्तिका लागि बजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ ।

- लक्षित वर्ग, कोरना प्रभावितलाई आत्मनिर्भर बनाउन उनिहरुमा उद्यमशिलताको विकास गर्ने ।
- स्वरोजगारमुखी र समावेशी आर्थिक विकासमा जोड दिने ।
- जलविद्युत तथा स्थानीय सडक निर्माणलाई उच्च प्राथिकता दिई कार्यान्वयन गर्दै जाने ।
- कृषि क्षेत्रको आधुनिकीकरण,व्यवसायीकरण र बजारीकरणमा जोड दिने ।
- पर्यटन प्रवर्धनको माध्यमद्धारा आर्थिक विकासमा जोड दिने ।
- स्थानीय सुशासन प्रवर्धनमा जोड दिन डिजिटल गाउँपालिकाको रुपमा विकास गर्ने ।
- संचालित आयोजनाहरुको एकीकृत र सघन अनुगमन प्रणाली मार्फत प्रभावकारीता र गुणस्तरमा अभिवृद्धि गर्ने ।

सभा अध्यक्ष ज्यु

अव म आगामी आ.व.२०७९/०८०को अनुमानित आय प्रस्तुत गर्न चाहन्छु ।

१.संघीय सरकार तर्फकोः

| अनुदानको प्रकार | आय रु. | कैफियत |
|---|---|---|
| १)अन्तर सरकारी वित्तीय हस्तान्तरण सशर्त अनुदान | १७,६०,००,००० | सत्र करोड साठी लाख मात्र |
| २)वित्तीय समानीकरण अनुदान | १०,६९,००,००० | दश करोड उनान्सत्तरी लाख मात्र |
| ३)अ.ल्या. समानीकरण अनुमानित | ५०,००,००० | पचास लाख मात्र |
| ४)राजश्व बाँडफाड तर्फ | ७,४०,८३,००० | सात करोड चालिस लाख त्रियासी हजार मात्र |
| ५) विशेष अनुदान | ८०,००,००० | असि लाख मात्र |
| जम्मा | ३६,९९,८३,००० | छत्तिस करोड उनान्सय लाख त्रीयासी हजार मात्र |

२.कर्णाली प्रदेश सरकार तर्फकोः

| अनुदानको प्रकार | आय रु. | कैफियत |
|---|---|---|
| क) प्रदेश सशर्त अनुदान | २,५९,५०,००० | दुइ करोड उनानसाठी लाख पचास हजार मात्र |
| ख)वित्तीय समानीकरण अनुदान | १,०५,३१,००० | एक करोड पाँच लाख एकतिस हजार मात्र |
| ग)राजश्व बाँडफाड | २,७५,८४९ | दुइ लाख पचहत्तर हजार आठ सय उनानपचास मात्र |
| जम्मा | ३,६७,५६,८४९ | तिन करोड सठ्सठ्ठी लाख छपन्न हजार आठ सय उन्पचास मात्र |

३. शुभकालिका गाउँपालिकाको आन्तरिक श्रोत तर्फकोः

| अनुदानको प्रकार | आय रु. | कैफियत |
|---|---|---|
| १)पालिका आन्तरिक राजष्व तर्फको जम्मा | ३०,००,००० | तिस लाख मात्र |

४. गैर सरकारी संघ/सस्था तर्फकोः

गैर सरकारी सस्था वाट यस आवको लागी पेश गरेको वजेट विवरण निम्नअनुसार रहेको छ ।

| गै.सं.स.कोनाम | आय रु. | कैफियत |
|---|---|---|
| १) किर्डाक नेपाल कालिकोट कोपिला कार्यक्रम | ५९,६२,१८३.३२ | उनान्साठी लाख वैसठ्ठि हजार एक सय त्रियासी रुपैया वत्तिस पैसा मात्र |
| २) सहयात्रा दोर्सो परियोजना किडाक नेपाल | २,२०,०९,९७० | दूइ करोड विस लाख नौ हजार नौ सय सत्तरी मात्र |
| ३) हेल्वटास वाम्पि नेपाल | २,५०,००००० | दुइ करोड पचास लाख मात्र |
| ४) रेडपाण्डा संरक्षण | ११,००,००० | एघार लाख मात्र |
| ५) शुलभ परियोजना | ६,९६,३५८ | छ लाख छयानव्वे हजार तिन सय अन्ठाउन मात्र |
| ६) भकारी परियोजना | ८३,०२,२१३ | त्रियासि लाख दूइ हजार दूइ सय तेह्र मात्र |
| जम्मा | ६,३०,७०,७२४.३२ | |

जम्मा पालिकाको अनुमानित आयतर्फ संघिय सरकार बाट रु. ३६,९९,८३,००० र प्रदेश सरकारबाट रु. ३,६७,५६,८४९ र आन्तरिक आम्दानी रु. ३०,००,००० गरी जम्मा रु.४०,९७,३९,८४९ (चालिस करोड सन्तानब्बे लाख उन्चालिस हजार आठ उन्नपचास रुपैंयाँ रहेको छ जस भित्र अ.ल्या.रु.५०,००,०००/ र आन्तरिक आम्दानी रु. ३०,००,०००/ समावेश गरिएको छ । उक्त अ.ल्या.र आन्तरिक आम्दानी रकम बाहेक अनुमानित आम्दानी रु.४०,१७,३९,८४९/ रहेको छ )र गै.स.स. संस्था माफर्त रु.६,३०,७०,७२४.३२(छ करोड तिस लाख सत्तरी हजार सात सय चौविस रुपैया वत्तिस पैसा ) गरी अनुमानित रकम जम्मा रु. ४७,२८,१०,५७३.३२/ (सत्तचालिस करोड अठ्ठाईस लाख दश हजार पाँच सय त्रिहत्तर रुपैया वत्तिस पैसा ) मात्र रहेको छ ।

सभा अध्यक्ष ज्यू,

आगामी आ.व.२०७८/०७९का लागि यस गाउँपालिकाको नाउँमा आजको मिति सम्म बजेट सिलिङ्गको आधारमा प्राप्त भएको कुल बजेटबाट चालु र पुँजीगत तथा पुँजिगत अन्तर्गतको विषय समष्टिगत तर्फ समेतको अनुमानित एवं प्रस्तावित व्यय निम्न बमोजिम रहेकोले स्वीकृतीको लागि यस गरिमामय आठौं गाउँ सभामा पेश गर्न अनुमति चाहन्छु ।

**१. पुजिगत तथा विषयगत खर्च**

| विषयगत शाखा | रकम | |
|---|---|---|
| विभिन्न विषयगत योजना संग साझेदारी रकम | १५००००० | एक करोड पचास लाख मात्र |
| पालिका स्तरमा मर्मत सम्भार कोष | ५८७१५५० | अन्ठाउन लाख एकहत्तर हजार पाच सय पचास मात्र |
| विभिन्न सडकखण्डको नयाँ ट्र्याक खोल्नका लागी | २०००००० | दुइ करोड मात्र |
| प्रधानमन्त्रि रोजगार योजना संग साझेदारी | ६०००००० | साठी लाख मात्र |
| एम्वुलेन्स खरिद | १५००००० | पन्द्र लाख मात्र |
| सडक वाट क्षति भएका संरचना | २०००००० | विस लाख मात्र |
| जनता संग उपाध्यक्ष कार्यक्रम | ३०००००० | तिस लाख मात्र |
| शिक्षा शाखा का विभिन्न कार्यक्रम संचालन | २०००००० | विस लाख मात्र |
| कृषि शाखा का विभिन्न कार्यक्रम | १५००००० | पन्द्र लाख मात्र |
| पशु शाखा का विभिन्न कार्यक्रम | २०००००० | विस लाख मात्र |
| स्वास्थ्य शाखा का विभिन्न कार्यक्रम | २५००००० | पच्चिस लाख मात्र |
| आर्युवेद शाखा का विभिन्न कार्यक्रम | ५००००० | पाचँ लाख मात्र |
| महिला शाखा शाखा का विभिन्न कार्यक्रम | ३०००००० | तिस लाख मात्र |
| युवा तथा खेलकुद | १०००००० | दश लाख मात्र |
| महिला स्वास्थ्य स्वयम सेविका | ५००००० | पाचँ लाख मात्र |
| विपद व्यवस्थापन कोष | २५००००० | पच्चिस लाख मात्र |

| | | |
|---|---|---|
| कर्णाली कोपिला स्याहार सुधार केन्द्र व्यवस्थापन | ३०००००० | तिस लाख मात्र |
| ७ वटा वडामा पच्चिस लाख पुजिगत खर्च तथा वडा न ३ मा पैतिस लाख | २१०००००० | दुइ करोड दश लाख मात्र |
| न्यायिक समिति | २०००००० | विस लाख मात्र |
| राराकाटिया प्राविधिक शिक्षालय | ५००००० | पाचँ लाख मात्र |
| दलित लक्षित कार्यक्रम | १०००००० | दश लाख मात्र |
| भैपरि | २०२२९९ | दुइ लाख दुइ हजार दुइ सय उनान्सय मात्र |
| | ९६५७३८४९ | नौ करोड पैसठ्ठी लाख त्रिहत्तर हजार आठ सय उनान्पचास मात्र |

२. प्रशासनिक/चालु खर्च तर्फ

| खर्च संकेत | खर्च शीर्षक | रकम | अक्षरमा |
|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | २२०००००. | दुइ करोड विस लाख मात्र |
| २११२१ | पोशाक भत्ता | १५०००००. | पन्द्र लाख मात्र |
| २११२३ | औषधि उपचार खर्च | ५०००००. | पाँच लाख मात्र |
| २११३१ | स्थानीय भत्ता | ३५०००००. | पैतिस लाख मात्र |
| २११३२ | महङ्गी भत्ता | १०००००० . | दश लाख मात्र |
| २११३४ | कर्मचारी बैठक भत्ता | ५०००००. | पाँच लाख मात्र |
| २११३९ | अन्य भत्ता | ५०००००. | पाँच लाख मात्र |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २५००००० . | पच्चिस लाख मात्र |
| २११४२ | पदाधिकारी अन्य सुविधा | १५०००००0. | एक करोड पचास लाख मात्र |
| २२१११ | पानी तथा बिजुली | १०००००. | एक लाख मात्र |
| २२११२ | सञ्चार महशुल | १००००००. | दश लाख मात्र |
| २२२११ | इन्धन (पदाधिकारी) | ७०००००. | सात लाख मात्र |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७०००००. | सात लाख मात्र |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १५०००००. | पन्द्र लाख मात्र |
| २२२१४ | बीमा तथा नविकरण | ३०००००. | तिन लाख मात्र |
| २२२२१ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ८०००००. | आठ लाख मात्र |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १००००००. | दश लाख मात्र |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | ४८०००००. | अठचालिस लाख मात्र |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ४०००००. | चार लाख मात्र |
| २२३१४ | इन्धन (अन्य प्रयोजन) | २०००००. | दुइ लाख मात्र |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १५०००००. | पन्द्र लाख मात्र |
| २२४१२ | सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ५०००००. | पाचँ लाख मात्र |
| २२४१३ | करार सेवा शुल्क - स्वास्थ्य करार, पालिका करार ,पंजिकरण साझेदारी, आइटी तथा ovot | ११५०००००. | एक करोड पन्द्र लाख मात्र |
| २२४१४ | सरसफाई सेवा शुल्क | ५००००. | पचास हजार मात्र |

| | | | |
|---|---|---|---|
| २२५११ | कर्मचारी तालिम खर्च | १५०००००. | पन्द्र लाख मात्र |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धि खर्च | १००००००. | दश लाख मात्र |
| २२५२९ | विविध कार्यक्रम खर्च | ४०००००. | चार लाख मात्र |
| २२६११ | अनुगमन मुल्याङ्कन खर्च | २००००००. | विस लाख मात्र |
| १ | पदाधिकारी तथा कर्मचारी अनुगमन खर्च-१२००००० | ०. | वाह् लाख मात्र |
| २ | वाह्य विशिष्ठ व्याक्ति तथा अन्य – ८००००० | ०. | आठ लाख मात्र |
| २२६१२ | भ्रमण खर्च | ३८०००००. | अठ्तिस लाख मात्र |
| १ | पदाधिकारी भ्रमण खर्च-१५००००० | ०. | पन्द्र लाख मात्र |
| २ | कर्मचारी भ्रमण खर्च-२३००००० | ०. | तेइस लाख मात्र |
| २२७११ | विविध खर्च | ४५०००००. | पैचालिस लाख मात्र |
| २२७२१ | सभा सञ्चालन खर्च | १५०००००. | पन्द्र लाख मात्र |
| २७११२ | अन्य सामाजिक सुरक्षा तथा स्वास्थ्य विमा | ४००००००. | चालिस लाख मात्र |
| २८१४२ | घरभाडा | १००००००. | दश लाख मात्र |
| २८१४९ | अन्य भाडा | ४०००००. | चार लाख मात्र |
| २११३५ | कर्मचारी प्रोत्साहन | १५००००. | पन्द्र लाख मात्र |
| २२४१९ | अन्य करार सेवा पालिका अनुदान शिक्षक | १४७१६००० | एक करोड सठ्चालिस लाख स्रोह हजार मात्र |
| 0 | वडाको प्रशासनिक खर्च प्रत्येक वडामा ५ लाख का दरले | ४००००००. | चालिस लाख मात्र |
| २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडामा | १००००००. | दश लाख मात्र |
| ० | ल्यापटप खरिद | २००००००. | विस लाख मात्र |
| ३११२२ | फनिचर खरिद | १००००००. | दश लाख मात्र |
| | जम्मा | ९५२१६०००. | नौ करोड वाउन्न लाख सोह्र हजार मात्र |

अन्त्यमा, यस शुभकालिका गाउँपालिकाको समग्र विकास र समृद्धिको सहयात्रामा सहयोग पुर्याउने सबै राजनितिक दल,राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मि, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण शुभकालिकावासिहरुका साथै बजेट सिलिङ्ग प्रदान गरि बजेट नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्ने नेपाल सरकार,प्रदेश सरकार,स्थानीय सरकार तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ/संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

गोविन्द प्रसाद आचार्य
अध्यक्ष

निर्णय नं. १/

यस शुभकालिका गाउँपालिकाको आठौं गाउँ सभा खुल्ला उद्घघाटन समारोहमा प्रस्तुत गरिएको आगामी आ.व.२०७९/०८० को बजेट, निति तथा कार्यक्रम गाउँ सभा बन्दशत्रमा सर्वसम्मत रुपमा पारित गरियो

निर्णय नं.२/

उदघाटन समारोहमा प्रस्तुत गरिएको आर्थिक ऐन,२०७९ र विनियोजन ऐन,२०७९ आठौ गाउँ सभाको बन्दसत्रमा सर्व सम्मतरुपले पारित गरियो ।

निर्णय नं. ३

यस शुभकालिका गाउँपालिका अन्तर्गत रहेका विभिन्न सेवा समुहका कर्मचारीहरुको दरवन्दी रिक्त भएको हुदा सो रिक्त दरवन्दीमा स्थायी पदपुर्तिको लागी लोक सेवा आयोगमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस शुभकालिका गाउँपालिकाको वडा नं. १,२ र ३ (साविक भर्ता गा.वि.स) र मुग्राहामा बैंक एवं वित्तिय सम्वन्धि सेवा प्राप्त गर्न मुख्य गरी सामाजिक सुरक्षा भत्ता सम्वन्धी शिविर मार्फत सेवा प्रवाह गर्न सुकाटिया स्थित कृषि विकास वैंक बाट असम्भव भएकाले प्रदेश एवं जिल्ला स्थित अन्य बैंक र को.ले.नि.का. मान्म कालिकोट संग आवश्यक सहयोगको लागी सिफारिसका साथ माग गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ५

यस शुभकालिका गाउँ कार्यपालिकाको कार्यालय मार्फत प्रकासित गर्नुपर्ने टेन्डर र अत्यावश्यक सूचना बाहेक अन्य सूचना एवं संचारको हकमा देहाय बमोजिमको क्षेत्रगत पत्रीकालाई निम्न अनुसारको दरले रकम भुक्तानी गरिनेछ ।यो निर्णय चालु आ.व.२०७८/०७९ को हकमा समेत लागु गरिने छ।

तपसिल

स्थानीय स्तरको पत्रिका – १००००/-

प्रादेशिक स्तरको पत्रिका -१५०००/-

राष्ट्रिय स्तरको पत्रिका -२००००/-

टेलिभिजन प्रशारण -२५०००/-

गोविन्द प्रसाद आचार्य
अध्यक्ष

अनलाईन पत्रिका -१००००/-

शुभकामना प्रकाशन साधा -५०००/-

शुभकामना प्रकाशन रंगीन -१००००/-

जिल्ला स्थित एफ.एम.रेडियो-१५०००/-

छाँपा पुस्तक पत्रिका -२५०००/

निर्णय नं. ६

संघिय/प्रदेश सरकार, सरकारी/गैर सरकारी परियोजना कार्यक्रम सशर्त बाट तलब, सेवा सुविधा पाउने र साविक गा.वि.स./जि.वि.स. बाट करार नियुक्त भई स्थानीय तहमा हाल सम्म निरन्तर काम गरिरहेका कर्मचारी बाहेक पालिका अनुदान बाट खुद तलब सेवा सुविधा प्राप्त गरिरहेका सम्पूर्ण सेवा समूहका कर्मचारी लगायत शिक्षक /स.का.हरुको आगामी आ.व. २०७९/०८० को साउन १ गते देखि करार म्याद थप नगर्ने निर्णय ८ औं गाउँ सभाबाट स्वीकृती गरियो ।

निर्णय नं.७

बालबालिका सम्वन्धी नियमावली २०७८ को परिछेद१० वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ को उपदफा १ ले व्यवस्था अनुसार यस शुभकालिका गाउँपालिकामा बाल कल्याण आधिकारी पाँचौ तह राख्ने र सेभद चिलड्रेन र किर्डाक नेपाल संग समन्वय गर्नका साथै ६०% गाउँपालिका र ४०% किर्डाक नेपाल र गाउँपालिका बाट गर्ने निर्णय सभाबाट पारित गरियो ।

निर्णय नं. ८

यस गाउँपालिका अन्तर्गत २०७४ साल देखि हालको मिति सम्ममा विभिन्न तहका विद्यालयमा काज खटाइएका शिक्षकहरुलाई पुनः सोही विद्यालयमा कामकाज गर्ने गरी काज फिर्ता गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ९

यस पालिका अन्तर्गत विभिन्न विषयगत सेवा समुहमा कार्यरत करार महिला कर्मचारिको हकमा प्रसुती विदा अघि वा पछी गरी एक पटकको लागी ६० (साठी) दिन विदा दिइनेछ । तर यो व्यवस्था सेवा अवधीभर दुई पटक मात्र दिइनेछ ।

निर्णय नं १०

कुनै महत्वपूर्ण विषयमा गाउँ सभाबाट निर्णय गर्नु पर्ने अवस्था आएमा सो समयमा सभा बैठक बोलाउन सम्भव नभएको खण्डमा गाउँ कार्यपालिकाको बैंठकले निर्णय गर्न पाउँने अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतरुपले पारित गरियो ।

निर्णय नं.११/

यस शुभकालिका गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत जनशक्तिको अभाव भएकाले देहाय विवरणका कर्मचारीहरुको दरवन्दि सिर्जना गरि पदपूर्ति गर्ने निर्णय गरियो ।

तपशिलः

१. सहायक कम्प्यूटर अपरेटर -१ जना
२. बगैंचे/ माली- १ जना
३. भान्छे – २ जना
४. कानूनी सेवा परामर्श -१ जना
५. ईलेक्ट्रिशियन-१ जना

निर्णय नं.१३/

स्थानिय सरकार संचालन ऐन,२०७४ बमोजिम शुभकालिका गाउँपालिकामा आईपर्ने मुद्धाहरुको न्यायीक कार्य सम्पादनको लागि पालिका उपाध्यक्ष धर्मकला शाहीको संयोजकत्वमा देहाय बमोजिमको एक न्यायीक समिति रहनेछ ।

तपशिल

- धर्मकला शाही-संयोजक
- मिम बहादुर शाही- सदस्य
- मयाराम आचार्य- सदस्य

निर्णय नं. १४/

यस आठौ गाउँ सभाबाट तपशिल बमोजिमको पदाधिकारी रहने गरि एक विधान समिति सर्वसम्मत रुपले गठन गरिएको छ ।

तपशिलः

- दिपराज महतारा – संयोजक
- प्रकास बहादुर शाही- सदस्य
- मयाराम आचार्य- सदस्य

गोविन्द प्रसाद आचार्य
अध्यक्ष

निर्णय नं.१५/

साविक सुकाटिया गाविस वडा नं.३ को सुनारबाडा र साविक वडा नं. ४ को अधिकारी बाडा संघीय संरचना पश्चात हाल शुभकालिका गाउँपालिकाको वडा नं. ४मा सुनारबाडा र वडा नं. ५ मा अधिकारीबाडा फरक फरक वडामा विभाजन भएकाले यहाँको भूगोल र रहन सहनका हिसाबले ती दुबै बाडा लाई एक छुट्टै वडा माग गर्नका लागि यस गाउँ सभामार्फत प्रदेश सरकार र संघीय सरकारमा जोडदार माग गर्ने निर्णय सर्वसम्मत रुपले पारित गरियो ।

निर्णय नं. १६

यस शुभकालिका गाउँ सभाले देहाय बमोजिमका पदाधिकारीहरु रहेको एक सुशासन समितिको गठन गरिएको छ।

तपशिलः

- मन बहादुर शाही-संयोजक
- प्रकाश बहादुर शाही- सदस्य
- सिता महतारा – सदस्य

निर्णय नं.१७/

यस शुभकालिका गाउँ पालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी,सेवामुखी, जनउत्तरदायी र पारदर्शि तुल्याई वित्तिय सुशासन कायम गर्न सभाले देहाय बमोजिमका पदाधिकारीहरु रहेको एक लेखा समिति गठन गरिएको छ ।

- प्रेम बहादुर शाही- संयोजक
- दिप बहादुर शाही- सदस्य
- मिम बहादुर शाही- सदस्य

निर्णय नं. १८/

यस शुभकालिका गाउँपालिकाको वडा नं. १ देखि ८ सम्मका तपसिल बमोजिमका योजनाहरु आर्थिक वर्ष २०७९/०८० समानीकरण अनुदान बाट कार्यान्वयन गर्ने गरी आठौं गाउँ सभाबाट सर्वसम्मत रुपमा पारित गरियो ।
तपशिल

| योजना छनोट वडा नं.१ | | | |
|---|---|---|---|
| क्र.स. | योजनाको नाम | बजेट | कैफियत |
| १ | टिमिले गैरा नैनेल देवताको मन्दिर निर्माण योजना | ४५०००० | |
| २ | नैनेलदेव बालविकास केन्द्र फिल्ड निर्माण योजना | ३८०००० | |
| ३ | गाई चरनदेखि वयाला सम्म घो.बा. निर्माण योजना | ३८०००० | |
| ४ | ढाड देखि वडा कार्यालय सम्म खा.पा. मर्मत योजना | २००००० | |

| | | | |
|---|---|---|---|
| ५ | खर मेला देखि नौलावन सम्म घो.बा. निर्माण योजना | २००००० | |
| ६ | पानी खोला देखि बल्लेज सम्म खा.पा. मर्मत योजना | २९०००० | |
| ७ | बाल संरक्षण क्षेत्र | १००००० | |
| ८ | मष्टा माण्डु बा.वि.के. केन्द्र फिल्ड मर्मत योजना | १००००० | |
| ९ | करार सेवा शुल्क | १३०००० | |
| १० | वडा भैपरी रकम | १७०००० | |
| ११ | अन्य सामाजिक सुरक्षा | १००००० | |
| | जम्मा | २५००००० | |

| वडा न २ का योजनाहरु | | | |
|---|---|---|---|
| क्र.स. | योजनाको नाम | रकम | कैफियत |
| १ | अन्य सामाजिक सुरक्षा | ११५०००० | |
| २ | भैपरी आउने खर्च | ८००००० | |
| ३ | करार सेवा शुल्क | ३५०००० | |
| ४ | बालहित कोष | २००००० | |
| | जम्मा | २५००००० | |

| वडा न ३ का योजनाहरु | | | |
|---|---|---|---|
| क्र स | येजना को नाम | जम्मा रकम | कैफीयत |
| १ | जनज्योती मा वि फिल्ड निर्माणा | ८००००० | |
| २ | अजमोर आ.वि. वाझथला छाना मर्मत | ३००००० | |
| ३ | स्वास्थ्य चौकि भर्ता भवन र फिल्ड मर्मत | ३००००० | |
| ४ | मन्दिर निर्माण निराउला थान आरुखाडा | २००००० | |
| ५ | भर्ता तिला दोभान देखि साँका सम्म घोरेटो बाटो | २००००० | |
| ६ | वडा नं. ३ को कार्यालय व्यवस्थापन | ५००००० | |
| ७ | आपतकालिन वाल हित कोष बालवालिका क्षेत्र | २००००० | |
| ८ | भैपरी शिर्षक | १०००००० | |
| | जम्मा | ३५००००० | |

| योजना छनोट वडा नं. ४ | | | |
|---|---|---|---|
| क्र स | योजना नाम | रकम | कैफियत |
| १ | सेवा करार | २७३००० | |
| २ | विविध भैपरी | ९७७००० | |
| | [illegible] | | |

| | | | |
|---|---|---|---|
| | उन्नत जातका वोका | | |
| ४ | शिप विकास तालिम | १००००० | |
| ५ | रारा मुला र वडापाटाके विच स्थानमा वा वि केन्द्र स्थापना को लागी | १००००० | |
| ६ | चैथामाजक मन्दिर मर्मत छानको घेरबार | ५०००० | |
| ७ | सति देव मन्दिर मर्मत राराकाटिया | ५०००० | |
| ८ | वाम्निदेव मन्दिर मर्मत | ५०००० | |
| ९ | सेरि पान्तडी सडकबाट भर्तागाउ र तिलानदीको दोमान सम्म धो वा निर्माण | १५०००० | |
| १० | उत्कृष्ट छनोट गरी पुरस्कृत गने | ५०००० | |
| ११ | विभिन्न खेलकुद सञ्चालन गर्नको लागि | १००००० | |
| १२ | वालवालिका र किसोर किसोरी कार्यक्रम सञ्चालनमा | २००००० | |
| | जम्मा | २५००००० | |

| वडा न ५ का योजनाहरु | | | |
|---|---|---|---|
| क्र.स | येजना को नाम | जम्मा रकम | कैफीयत |
| १ | प्रशमखोला देखि उदगाउँ खानेपानी मर्मत | ४००००० | |
| २ | दलित टोल इसिडी भवन निर्माण | ५००००० | |
| ३ | ढाग्रेमुल चंग्राला खानेपानी मर्मत | ३००००० | |
| ४ | अधिकारीबाडा देखि पर्शमखोला सम्मको सडक मर्मत | ४००००० | |
| ५ | भैपरी | ५००००० | |
| ६ | अन्य सामाजिक सुरक्षा | ३००००० | |
| ७ | बालहित कोष | १००००० | |
| | जम्मा | २५००००० | |

| वडा नं ६ का योजनाहरु | | | |
|---|---|---|---|
| क्र.स | योजनाको नाम | रकम | कैफियत |
| १ | करार सेवा शुल्क | २५०००० | |
| २ | अन्य सामाजिक सुरक्षा | १०५०००० | |
| ३ | अन्य भैपरी खर्च | १२००००० | |
| | जम्मा | २५००००० | |

| वडा न ७ का योजनाहरु | | | |
|---|---|---|---|
| क्र.स | येजना को नाम | जम्मा रकम | कैफियत |
| १ | टोल स्तरीय वाइफाई व्यवस्थापन | ७००००० | |

| | | | |
|---|---|---|---|
| २ | पंचकालिका मा.वि. फर्निचर व्यवस्थापन | २००००० | |
| ३ | जनजागृती आ.वि. फिल्ड निर्माण | १००००० | |
| ४ | करार सेवा शुल्क | १९५००० | |
| ५ | आपतकालिन वाल हित कोष बालवालिका क्षेत्र | ५५००० | |
| ६ | अन्य सामाजिक सुरक्षा | २००००० | |
| ७ | विविध तथा भैपरी | १०५०००० | |
| | जम्मा | २५००००० | |

| वडा नं. ८ का योजनाहरु | | | |
|---|---|---|---|
| क्र.स | योजनाको नाम | रकम | कैफियत |
| १ | आपतकालिन बालहित कोष | २००००० | |
| २ | अन्य सामाजिक सुरक्षा | ५००००० | |
| ३ | करार सेवा शुल्क | २६०००० | |
| ४ | विविध भैपरि खर्च | १०४०००० | |
| ५ | गूणस्तरीय शिक्षा तथा विधालय विकास | ४००००० | |
| ६ | स्वास्थ्य सेवा सुधार | १००००० | |
| | जम्मा | २५००००० | |

निर्णय नं. १७/

यस शुभकालिका गाउँपालिकामा आगामी आ.व. २०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका वडा नं. १ देखि ८ सम्म संचालन हुने तपशिल बमोजिमका योजनाहरु आठौं गाउँसभाबाट सर्वसम्मत रुपमा पारित गरियो ।

तपशिल

| प्रधानमन्त्री रोजगार योजना वडा नं. १ | | | |
|---|---|---|---|
| क्र.सं. | योजना | रकम | कैफियत |
| १ | डाडाखाल देखि माजिगडा सम्म पि.सि.सि. बाटो निर्माण | रु. १४३०३०२ | |

| प्रधानमन्त्री रोजगार योजना वडा नं. २ | | | |
|---|---|---|---|
| क्र.सं. | योजना | रकम | कैफियत |
| १ | आडा खा.पा निर्माण | रु. २३०००० | |
| २ | मष्टादेव मन्दिर निर्माण कुईकेलवाडा | रु. ४४९५३८ | |
| ३ | भैरव मन्दिर निर्माण | रु. ५००००० | |
| ४ | कनेडा बालमैत्री बालविकास केन्द्र भवन निर्माण | रु. ४००००० | |
| ५ | भन्क बालमैत्री भवन निर्माण | रु. ५००००० | |